# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, कात्तिक २० गते २०५२ साल (संख्या २९

## भाग ४

श्री ५ को सरकार

### उद्योग मन्त्रालयको सूचना

### उद्योग क्षेत्रको लागि वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५२

श्री ५ को सरकारको औद्योगिक नीतिले उद्योगको स्थापना, विविधिकरण एवं विस्तारबाट वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गर्ने उपाय अबलम्बन गर्ने कुरालाई अंगिकार गरेको परिप्रेक्षमा नेपाल अधिराज्यमा स्थापना हुने उद्योगहरूको संचालनको क्रममा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रतिरोधात्मक एवं सुरक्षात्मक उपायहरू अपनाई त्यस्तो प्रतिकूल प्रभाव कम गरी वा हटाई अनुकूल प्रभावहरू बढाई दिगो आर्थिक लाभ हासिल गर्ने उद्देश्यले उद्योगको स्थापना, विविधिकरण वा विस्तार गर्नु भन्दा पहिले नै ती उद्योगहरूबाट वातावरणमा पर्न सक्ने प्रभाव मूल्याङ्कन गर्ने सम्बन्धमा श्री ५ को सरकारले देहायको निर्देशिका बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "उद्योग क्षेत्रको लागि वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५२" (Environmental Impact Assessment Guidelines for the Industry Sector) रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "निर्देशिका" भन्नाले उद्योग क्षेत्रको लागि वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५२ सम्झनु पर्छ ।

(ख) "उद्योग" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०४९ अन्तर्गतका उद्योग सम्झनु पर्छ ।

(ग) "प्रस्तावक" भन्नाले उद्योग स्थापना एवं संचालन गर्न प्रस्ताव गर्ने व्यक्ति, समूह, संस्था वा कम्पनी सम्झनु पर्छ ।

(घ) "प्रभाव कम गर्ने उपाय" भन्नाले प्रतिकूल वातावरणीय प्रभाव कम गर्ने वा पूर्णरुपमा हटाउने र अनुकूल प्रभावहरु बढाउन अपनाइने उपाय सम्झनु पर्छ ।

(ङ) "छनौट" भन्नाले कुनै पनि उद्योगको लागि वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आवश्यंक भए नभएको कुरा निर्धारण गर्ने कार्य सम्झनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
328

## परिच्छेद – २

## निर्देशिकाको उद्देश्य र प्रयोग

३. उद्देश्य : निर्देशिकाको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) उद्योगको स्थापना, विविधिकरण वा विस्तारबाट वातावरणमा पर्न सक्ने प्रभावको मूल्याङ्कन गर्न सहयोग पुऱ्याउने,

(ख) उद्योगको क्रियाकलापबाट वातावरण, प्राकृतिक स्रोत र सांस्कृतिक सम्पदाको विनाश नगरीकन अधिकतम फाइदा उठाउने काममा सहयोग पुऱ्याउने,

(ग) उद्योगको स्थापना तथा सन्चालनबाट वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई कम गर्ने वा हटाउने सम्बन्धमा सुरक्षात्मक तथा प्रतिरोधात्मक उपायहरू पत्ता लगाउन मद्दत गर्ने,

(घ) उद्योगको स्थापना तथा सन्चालनको क्रममा वातावरणीय पक्षलाई एकीकृत गर्न सघाउ पुऱ्याउने,

(ङ) वातावरणीय दृष्टिकोणबाट प्रस्तावित उद्योग स्थापना गर्ने वा नगर्ने र स्थापना गर्दा कुन रुपमा गर्ने भन्ने कुराको निर्णय गर्न आवश्यक पर्ने जानकारी निर्णयकर्तालाई उपलब्ध गराउने ।

४. निर्देशिकाको प्रयोग : निर्देशिकाको प्रयोग देहायका संस्था वा व्यक्तिले गर्नेछन् :-

(क) प्रस्तावक,

(ख) उद्योग मंत्रालय तथा अन्तरगतका विभागहरु,

(ग) राष्ट्रिय योजना आयोगको सचिवालय,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
321

(घ) वातावरणीय प्रभाव मूल्याङ्कनमा संलग्न परामर्शदाता,

(ङ) वातावरणसँग सरोकार राख्ने कुनै दवाव समूह र सम्बन्धित जनसाधारण ।

५. निर्देशिकाको प्रयोग गर्नुपर्ने अवस्था : कुनै उद्योगको सम्बन्धमा देहायको अवस्थामा यो निर्देशिकाको प्रयोग गर्नुपर्नेछ :-

(क) पूर्व सम्भाव्यता अध्ययन गर्दा,

(ख) सम्भाव्यता अध्ययन गर्दा,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु अघि,

(घ) मूल्याङ्कन प्रतिवेदन पुनरावलोकन गर्दा,

(ङ) उद्योगसँग सम्बन्धित वातावरणीय विषयमा निर्णय गर्नुपर्दाको अवस्थामा,

(च) वातावरणीय अनुगमन गर्दा,

(छ) उद्योगको स्थापना, विविधिकरण वा विस्तार पछि त्यस्तो उद्योगको प्रभाव परीक्षण गर्नुपर्दा ।

## परिच्छेद – ३

## उद्योगको छनौट एवं प्रारम्भिक वातावरणीय परीक्षण

६. उद्योगको छनौट : (१) कुनै पनि उद्योगका लागि वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक भए नभएको निश्चित गर्नका लागि प्रारम्भमा उद्योगको छनौट गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने छनौटबाट देहायका कुराहरूमा सघाउ पुग्न जानेछ :-

(क) समय तथा धनको बचत गर्न,

(ख) सो उद्योगको आवश्यकता र स्तरको जानकारी गराउन,

(ग) मुलभूत जनचासोका वातावरणीय विषयहरू समयमै पत्ता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लगाउन,

(घ) उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आवश्यक भए नभएको कुराको निरूपण गर्न ।

(३) उद्योगको छनौट प्रक्रियाले उद्योग स्थापना सम्बन्धी प्रस्तावलाई निम्न बमोजिमको श्रेणीमा विभाजन गर्नेछ :-

(क) वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्ने,

(ख) वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक नपर्ने, र

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्ने वा नपर्ने कुरामा द्विविधा भएको ।

(४) उद्योगको छनौट सम्बन्धी कार्य उद्योग मन्त्रालय वा सो अन्तर्गतको निकायले गर्नेछ ।

७. <u>उद्योगको छनौटका आधारहरू</u> : (१) कुनै पनि उद्योगको वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्ने नपर्ने सुनिश्चित गर्न उद्योगको छनौटका आधारहरुको निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) को व्यवस्थाको अधीनमा रही राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० को दफा ८ को उपदफा (१) बमोजिम उद्योग छनौटका आधारहरु निर्धारण गरिने छ ।

८. <u>प्रारम्भिक वातावरणीय परीक्षण</u>: (१) अनुसूची-१ मा उल्लिखित उद्योगहरु, अनुसूची-२ मा उल्लिखित क्षमता भन्दा कम क्षमताका उद्योगहरु र अनुसूची-३ मा उल्लिखित वातावरणीय सम्वेदनशील क्षेत्रहरुमा स्थापना गरिने उद्योगहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) प्रारम्भिक वातावरणीय परीक्षण गर्दा उद्योग स्थापना तथा सञ्चालन गर्दा अपनाइने विभिन्न क्रियाकलापहरू र त्यस्तो उद्योगबाट प्रभावित हुने प्राकृतिक स्रोतहरूको छोटकरी विवरण सहितको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसूची-४ मा उल्लेखित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
326

ढाँचामा तयार गरी सम्बन्धित विभागमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको क्रियाकलाप अन्तर्गत उद्योगको अवस्थिति, स्रोत र साधनको आवश्यकता, फोहोर मैलाको उत्पादन, नीति, नियम, निर्देशिका आदि पर्दछन् ।

९. प्रारम्भिक वातावरणीय परीक्षणको दायित्व : प्रारम्भिक वातावरणीय परीक्षणको दायित्व प्रस्तावकमा रहनेछ ।

१०. उद्योगको छनौट र प्रारम्भिक वातावरणीय परीक्षण गर्ने समय : प्रारम्भिक वातावरणीय परीक्षण सामान्यत: उद्योगको पूर्व संभाव्यता अध्ययनको अवस्थामा गर्नु पर्छ ।

११. स्थल परिवर्तन : (१) सम्बन्धित विभागबाट उद्योग दर्ता गर्न अनुमति प्राप्त भए पछि प्रस्तावित उद्योगको स्थल परिवर्तन गर्नु पर्ने भएमा प्रस्तावकले सम्बन्धित विभागलाई जानकारी दिनुपर्नेछ । सम्बन्धित विभागले देहायको अवस्थामा पुन: प्रारम्भिक वातावरण परीक्षण गर्नु नपर्ने गरी त्यस्तो उद्योगको स्थल परिवर्तन गर्ने अनुमति दिन सक्नेछ :-

(क) नयाँ स्थल पूर्व स्थल सगँ मिल्दो भौगोलिक अवस्थितिमा भएको,

(ख) स्वीकार्य स्तरमा मात्र वातावरणीय प्रभाव पर्ने,

(ग) नयां प्रस्तावित स्थल अनुसूची ३ मा उल्लेखित क्षेत्र भित्र नपरेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा सिफारिश गरिएका प्रतिबन्धात्मक उपायहरु भने प्रस्तावकले अबलम्बन गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३२८

## परिच्छेद - ४

## वातावरणीय प्रभाव मूल्याङ्कनका लागि क्षेत्र निर्धारण

१२. वातावरणीय प्रभाव मूल्याङ्कन : प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनबाट वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आवश्यक देखिएका उद्योगहरु र अनुसूची-२ मा उल्लिखित उद्योगहरुको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ ।

१३. क्षेत्र निर्धारण : (१) उद्योगको छनौट सम्बन्धी प्रक्रिया पूरा गरिसकेपछि वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्न सक्ने भनी पहिचान भएका उद्योगहरूको प्रस्तावित कार्यहरूका विकल्पहरू पत्ता लगाउन तथा उपयुक्त विकल्प छान्न र वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा ध्यान दिनु पर्ने विषयहरूको निर्धारण गर्ने उद्देश्यले वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण (Scoping) गर्नु पर्नेछ ।

(२) देहायका उद्देश्यहरू प्राप्त गर्नका लागि वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण गर्नु पर्नेछ :-

(क) वातावरणीय प्रभाव मूल्याङ्कनमा समावेश गर्नु पर्ने विषयहरू तथा सम्बन्धित पक्षहरूको पहिचान गर्न,

(ख) वातावरणीय प्रभाव मूल्याङ्कनको सान्दर्भिकतालाई सुनिश्चित गर्न,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कनका विभिन्न चरणमा विचार गर्नु पर्ने प्रभाव तथा विकल्पहरूका बारेमा अध्ययन टोलीलाई स्पष्ट किसिमले जानकारी दिन तथा सम्बन्धित जिम्मेवार निकायलाई सक्षम बनाउन,

(घ) वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा अपनाउनु पर्ने मूल्याङ्कन विधि निर्धारण गर्न,

(ङ) उद्योगबाट प्रभावित हुन सक्ने सबै पक्षहरू पत्ता लगाउन,

(च) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने कुराहरूको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्धारण गर्नका लागि जनसहभागिता जुटाउने अवसर प्रदान गर्न,

(छ) विवादास्पद विषयहरूमा छिट्टै सहमतिमा पुग्ने कामलाई सजिलो बनाउन,

(ज) समय तथा धनको बचत गर्न,

(झ) वातावरणीय प्रभाव मूल्याङ्कनका लागि कार्यसूची (Terms of Reference) तयार गर्न ।

(३) वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण गर्ने कार्य आवश्यकता अनुसार उद्योगको आयोजना तर्जुमा तथा डिजाइनको चरणमा पनि लगातार गर्नु पर्नेछ ।

१४. वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण गर्ने तरिका : वातावरणीय अध्ययनको क्षेत्र निर्धारण गर्दा विशेषत: देहायका विषयहरूमा ध्यान दिनुपर्छ :-

(क) जनसहभागिता जुटाउन कार्ययोजना बनाउने : जनसहभागिता जुटाउने तथा संचार संपर्क सम्बन्धी कार्ययोजना वातावरणीय अध्ययनको क्षेत्र निर्धारण गर्ने काममा सहयोग पुऱ्याउने एक महत्वपूर्ण माध्यम हो । उद्योगको आयोजना तर्जुमाको प्रारम्भिक चरणमा गरिने अध्ययनको क्षेत्र निर्धारणको मुख्य उद्देश्य प्रस्तावसंग सम्बन्धित निर्णयहरु गर्दा कुन कुन समुदाय तथा संस्थाहरुलाई सहभागी गराउनु पर्ने हो भन्ने बारेमा यकिन गर्ने हुँदा कार्ययोजनाले कुन कुन व्यक्तिहरुसंग छलफल गर्ने साथै कहिले र कसरी संचार सम्पर्क गर्ने हो भन्ने कुराको निर्धारण गर्नुपर्छ। यसका लागि उद्योगसंग सम्बन्धित सरकारी निकाय वा अधिकृतको पनि स्वीकृति प्राप्त गर्नुपर्छ । जनसहभागिताको योजना बनाउँदा प्रस्तावक, सम्बन्धित विशेषज्ञहरु, उद्योगले प्रभाव पार्ने व्यक्तिहरुका साथै विशेष सरोकारवाला व्यक्तिहरुलाई समेत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्पर्क गर्नुपर्ने व्यक्तिहरुको सूचीमा संलग्न गर्नुपर्छ । प्रभावित पक्षलाई यस प्रक्रियामा समावेश गर्न तथा आवश्यक सूचना तथा जानकारीहरु संग्रह गर्न देहायका केही वा सबै उपायहरु अबलम्बन गर्नु पर्नेछ :-

(१) सम्बन्धित सरकारी निकायहरु तथा समुदायबाट लिखित सुझाव सङ्कलन गर्ने,

(२) सामुदायिक सभाहरु तथा जनसमुदायबाट सुझाव संकलन गर्ने,

(३) उद्योग स्थापना स्थलको स्थलगत निरीक्षण वा अध्ययन गर्ने,

(४) गोष्ठीको आयोजना गर्ने,

(५) सबै क्षेत्रको प्रतिनिधित्व भएको कार्यदल गठन गर्ने ।

(ख) सान्दर्भिक सूचना तथा तथ्याङ्क संकलन गर्ने : यस चरणमा उद्योगको प्रकृतिसंग सम्बन्धित जानकारी तथा तथ्याङ्कहरुको संकलन गर्ने काम लगायत उद्योगको सम्भाव्य प्रभावहरु तथा व्यावहारिक विकल्पहरुको प्रारम्भिक सूची तयार गर्ने काम गर्नु पर्छ। प्रस्तावित उद्योगको पूर्ण जानकारीको लागि आवश्यक नक्सा, ड्रइङ्ग तथा अन्य सन्दर्भ सामग्रीहरु पनि संलग्न गर्नु पर्छ । यी आधारभूत जानकारीहरुले वातावरणीय प्रभावलाई कम गर्ने उपयुक्त उपायको तर्जुमा गर्न तथा प्रभावका सम्बन्धमा अरु विचार विमर्श गर्न थप सहयोग पुऱ्याउँदछन् ।

(ग) उद्योगबाट प्रभावित हुन सक्ने व्यक्तिहरुलाई सूचना तथा जानकारी दिने : खण्ड (ख) बमोजिम संकलित सूचनाहरुको जानकारी उद्योगबाट प्रभावित हुन सक्ने व्यक्तिहरूलाई दिनु पर्छ। सूचना पठाउने प्रक्रिया उद्योग मन्त्रालयको सम्बन्धित विभागले तय गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) प्राप्त सूचना तथा जानकारीका आधारमा विषयहरुको गाम्भीर्यताको निर्धारण गर्ने : मुख्य चासोका विषयहरु पत्ता लगाई तिनीहरुलाई विभिन्न समूहमा वर्गीकरण गरी छुट्याई सकेपछि तिनीहरु प्राविधिक दृष्टिकोणले जायज छन् वा छैनन् हेर्नुपर्छ। यदि कुनै प्राविधिक प्रश्नहरु समाधान हुन नसकेका भए तिनीहरुको उचित समाधानका लागि उपयुक्त ठाउँमा छलफल वा कार्यशालाको आयोजना गर्नुपर्छ। यो कार्यको लागि उद्योग मन्त्रालयको सम्बन्धित विभागको अगुवाइमा अन्तर क्षेत्रीय समूहले निर्णायक भूमिका खेल्नेछ।

(ङ) वातावरणीय प्रभाव मूल्याङ्कनका लागि प्राथमिकता निर्धारण गर्ने : खण्ड (घ) बमोजिम विभिन्न समूहमा वर्गीकृत विषयहरूलाइ विस्तृत विश्लेषण गरी तत्कालै समाधान गर्न सकिने विषयहरु र उद्योगसंग असम्बन्धित विषयहरुलाई छुट्याई उद्योगसँग सम्बन्धित मुख्य विषयहरूलाई प्राथमिकताको आधारमा निर्धारण गरिनु पर्छ।

(च) प्राथमिकता प्राप्त विषयको समस्या समाधान गर्न कार्यनीति तयार पार्ने : खण्ड (ङ) बमोजिम उद्योगसँग सम्बन्धित प्राथमिकता प्राप्त विषयहरूमध्ये उचित विकल्प वा अन्य सुरक्षात्मक उपायहरू अपनाई तत्कालै समाधान गर्न सकिने विषयहरुलाई सूचीबाट हटाई बाँकी रहेका विषयहरूका सम्बन्धमा समाधान गर्न थप अध्ययनको आवश्यकता भएमा सो को प्रयोजनका निमित्त मार्गदर्शनका लागि कार्यसूची तयार गर्नुपर्छ। उद्योगको किसिम, स्तर र परिमाणको आधारमा वातावरणीय प्रभाव मूल्याङ्कनका लागि आवश्यक पर्ने सूचना तथा जानकारीको मात्रा निर्धारण गर्नुपर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

332

१५. वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारणका लागि जिम्मेवार निकाय : (१) वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण गर्ने प्रमुख जिम्मेवार पक्ष प्रस्तावक हो ।

तर यस विषयमा उद्योग मन्त्रालयको सम्बन्धित विभागले निर्देशन दिन, प्रस्तावकको क्षेत्र निर्धारण विश्लेषणको समीक्षा गर्न वा परिमार्जन गर्न सक्नेछ र त्यसमा केही कमी देखिएमा प्रस्तावकलाई परिमार्जन गर्नको लागि आदेश दिन सक्नेछ ।

(२) वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण गर्ने कार्य खुल्ला तथा व्यापक जनसहभागिताको आधारमा गर्न स्थानीय जनता, जनसमूह, गैर सरकारी संस्थाहरु, सम्बन्धित सरकारी निकायहरु, स्थानीय निर्वाचित संस्थाहरु, लगानीकर्ताहरु, अन्य औद्योगिक समूहहरु र नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधिहरुलाई संलग्न गराउनु पर्नेछ ।

१६. वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण गर्ने उपयुक्त समय : वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण सम्बन्धी कार्य उद्योगको छनौटको काम समाप्त भएपछि उद्योग स्थापनाको प्रारम्भिक चरणमा गर्नु पर्छ। उद्योगको पूर्व सम्भाव्यता अध्ययनको चरणमा नै वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण गर्ने कार्य गर्नु उपयुक्त समय हुनेछ ।

तर यो कार्य वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियामा उत्पन्न नयां विषयको हकमा चालू रहन सक्नेछ ।

## परिच्छेद – ५

## वातावरणीय प्रभाव मूल्याङ्कनका लागि कार्य सूचीको तयारी

१७. वातावरणीय प्रभाव मूल्याङ्कन कार्य सूची : (१) कार्य सूची तयार गर्ने कार्य सामान्यतया वातावरणीय प्रभाव मूल्याङ्कनको क्षेत्र निर्धारण भएपछि सोही



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आधारमा तयार गर्नु पर्छ ।

(२) उद्योग छनौटको क्रममा कुनै उद्योगका लागि वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक देखिएमा वातावरणीय प्रभाव मूल्याङ्कनका लागि आवश्यक मार्गदर्शन गर्ने उद्देश्यले देहायको कामका लागि कार्यसूची तयार गर्नु पर्नेछ :-

(क) कार्यविधि व्यवस्थित गर्न,

(ख) संचालन गर्नुपर्ने मुख्य कामहरु स्पष्ट गर्न,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कनलाई विद्यमान नीति, नियम तथा प्रशासनिक कार्यविधि सुहाउँदो बनाउन,

(घ) निर्दिष्ट समयमा काम पूरा गर्न,

(ङ) अध्ययनका सबैभन्दा महत्वपूर्ण पक्षहरुमा विशेष जोड दिन,

(च) अध्ययनको सिलसिलामा स्पष्ट पारिनु पर्ने वातावरणका खास खास पक्षहरुका सम्बन्धमा प्राविधिक मार्गदर्शन दिन ।

१८. <u>कार्यसूचीको ढाँचा</u> : कार्यसूची अनुसूची-५ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ । यस्तो कार्यसूची आवश्यकतानुसार परिमार्जन गर्न सकिनेछ। उद्योग मन्त्रालयले विभिन्न उद्योग समूहहरुको लागि कार्यसूचीको थप परिमार्जित ढाँचाहरु तोक्न सक्नेछ ।

## परिच्छेद - ६

## वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

१९. <u>वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन</u> : (१) वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आवश्यक पर्ने उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी काम समाप्त भएपछि प्रस्तावकले सो को प्रतिवेदन तयार गर्नु पर्छ र त्यस्तो प्रतिवेदन तयार गर्दा देहायका कुराहरूलाई समेत ध्यान दिनु पर्छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्रतिवेदन संक्षिप्त हुनु पर्ने,

(ख) उल्लेखनीय प्रभावहरूका विषयमा पर्याप्त बिचार पुऱ्याउनु पर्ने,

(ग) प्रभावहरूको विश्लेषणको विस्तृतता तथा गहनता सम्भावित प्रभावको प्रकृतिसँग मेल खाने किसिमको हुनु पर्ने, र

(घ) प्रतिवेदन प्रयोगमा ल्याउने प्रस्तावक, डिजाइनकर्ता र निर्णयकर्ता जस्ता लक्षियत समूहको जिम्मेवारीलाई महत्त्व दिनुपर्ने ।

(२) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा लाग्ने खर्च प्रस्तावक स्वयंले व्यहोर्नु पर्नेछ ।

(३) सम्बन्धित विभागबाट उद्योग दर्ता प्रमाणपत्र प्राप्त भएपछि प्रस्तावित उद्योगको स्थल परिवर्तन गर्नु परेमा प्रस्तावकले सम्बन्धित विभागलाई जानकारी दिनु पर्नेछ र सम्बन्धित विभागले देहायको अवस्थामा पुन: वातावरणीय प्रभाव मूल्यांकन गर्नु नपर्ने गरी उद्योगको स्थल परिवर्तन गर्ने अनुमति दिन सक्नेछ :-

(क) नयां स्थल पूर्वस्थलसंग मिल्दो भौगोलिक अवस्थितिमा भएको ,

(ख) स्वीकार्य स्तरसम्म मात्र वातावरणीय प्रभाव पर्ने,

(ग) नयां क्षेत्र अनसूची-३ मा उल्लेखित क्षेत्र भित्र नपरेको ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि पूर्व अध्ययनले सिफारिश गरेका वातावरणीय प्रभाव कम गर्ने उपायहरु भने प्रस्तावकले अबलम्बन गर्नु पर्नेछ ।

२०. <u>वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको ढाँचा</u>: वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन अनुसूची-६ को ढाँचामा तयार गर्नु पर्छ ।

२१. <u>परिशिष्ट</u> : वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उद्योगको संचालन तथा स्थलसँग सान्दर्भिक परिशिष्टहरू समावेश हुनु पर्छ। परिशिष्टहरूमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा प्रयोग गरिएका सम्पूर्ण सामग्रीहरू संलग्न गर्नु पर्छ। परिशिष्टहरूलाई मुख्य प्रतिवेदनकै अंशका रुपमा वा छुट्टै भागमा पनि राख्न सकिनेछ।

## परिच्छेद – ७

## वातावरणीय प्रभावको पहिचान

२२. उद्देश्य : कुनै पनि उद्योगले वातावरणमा कुनै न कुनै रुपमा चाहे त्यो लाभदायक होस् वा हानिकारक होस्, प्रभाव पार्ने हुनाले त्यस्ता उद्योगसँग सम्बन्धित क्रियाकलापद्वारा वातावरणीय अवस्थामा भएको हेरफेर तथा सृजित अनुकूल वा प्रतिकूल असरको पहिचान गर्नुपर्छ र त्यस्तो पहिचान गर्ने कार्य उद्योग तथा वरपरको वातावरणसँग सम्बन्धित तथ्याङ्क अध्ययन गर्दाको अवस्था देखि नै शुरु गर्नुपर्छ।

२३. वातावरणीय प्रभावका किसिम : (१) वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियाको सिलसिलामा निम्न किसिमका वातावरणीय प्रभावहरुमा अनिवार्य रुपमा ध्यान दिनु पर्छ :-

(क) आर्थिक-सामाजिक प्रभावहरु : उद्योग वरिपरि वा त्यस क्षेत्र भित्रका समुदायको विद्यमान आर्थिक तथा सामाजिक अवस्थामा परिवर्तन ल्याउने काम कारवाहीको परीक्षणका लागि उद्योगको आर्थिक-सामाजिक प्रभावहरुको अध्ययन गर्नु पर्छ। आर्थिक-सामाजिक प्रभावहरू फाइदाजनक वा हानीकारक हुनसक्छन्। यस्ता प्रभावको परीक्षण कृषियोग्य जमीन तथा वनको विनाश, विस्थापित घरधुरी संख्या, मानव स्वास्थ्यको प्रभाव, सामाजिक मूल्य एवं मान्यतामा पर्ने असर र आय वितरणमा प्रभावको आधारमा गर्नु पर्नेछ।

(ख) जैविक तथा भौतिक रसायनिक प्रभावहरु : यो वर्गमा वनस्पति, वन्यजन्तु, वालीनाली तथा जलचर जस्ता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३६

जैविक-भौतिक श्रोतहरुमा पर्ने प्रभावहरु पर्दछन्। माटो र जमीनको स्वरुपमा हुने परिवर्तन, भूक्षय, बाढी, नदीले पाँगो थुपार्ने जस्तालाई भौतिक प्रभाव भनिन्छ। उद्योगको क्रियाकलापका कारण हावा, पानी तथा माटोको गुणमा हुने रासायनिक परिवर्तन रासायनिक प्रभाव हुन्।

(ग) सांस्कृतिक प्रभाव : उद्योगले साँस्कृतिक सम्पदामा पार्ने प्रभावहरुमा ध्यान पुऱ्याउनु पर्दछ। उद्योगबाट प्रभावित हुन सक्ने ऐतिहासिक र धार्मिक स्थलहरु तथा परम्परागत प्रचलनहरुलाई अध्ययनको क्षेत्रभित्र समावेश गर्नुपर्छ।

(२) उपदफा (१) मा उल्लेखित वातावरणीय प्रभावहरूलाई देहाय बमोजिम प्रत्यक्ष, अप्रत्यक्ष वा संयोजित प्रभावमा विभाजन गर्न सकिन्छ :-

(क) प्रत्यक्ष प्रभाव : उद्योगको काम कारवाहीको परिणामस्वरुप विद्यमान वातावरणीय अवस्थामा हुने प्रत्यक्ष परिवर्तनलाई प्रत्यक्ष प्रभाव भनिन्छ।

(ख) अप्रत्यक्ष प्रभाव : वातावरणको एउटा पक्षमा भएको परिवर्तनबाट सम्बन्धित अन्य पक्षमा पर्ने प्रभावलाई अप्रत्यक्ष प्रभाव भनिन्छ। प्रत्यक्ष प्रभावबाट वातावरणमा दीर्घकालीन प्रभाव पार्न सक्ने विभिन्न अप्रत्यक्ष प्रभावहरु उत्पन्न हुन सक्छन्। यस्ता प्रभावहरु विकास गतिविधिको चाप परेको कुनै खास प्रणालीको संरचना तथा कार्यमा भर पर्ने हुन्छन्।

(ग) संयोजित (Cumulative) प्रभाव : कुनै एउटा गतिविधिले वातावरणमा पार्ने प्रभाव त्यति उल्लेखनीय नहुन सक्छ। तर एक भन्दा वढी उद्योगबाट उत्पन्न एकै प्रकारका धेरै प्रभावहरु वा एउटै उद्योगको विभिन्न प्रभावहरुको संयुक्त असरहरुको संयोजित प्रभाव उल्लेखनीय हुन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सक्छ। परिणाम स्वरुप कुनै पनि इकोसिस्टम यस्तो संयोजित प्रभावहरुबाट नाटकीय रुपमा प्रभावित हुन सक्छ। त्यसैले साझा रुपमा कुनै स्रोतको उपभोग गर्ने तथा एउटै क्षेत्र प्रभावित पार्ने उद्योगहरुबाट उत्पन्न हुन सक्ने संयोजित प्रभावलाई विशेष ध्यान दिनु जरुरी हुन्छ ।

२४. प्रभाव पहिचान तथा तुलना गर्ने तरिका : वातावरणीय प्रभाव मूल्याङ्कनका लागि अपनाइने कार्यविधि तथा प्रविधिहरु उद्योग अनुसार फरक फरक हुनसक्छन् । कुनै उद्योग वातावरणमा बढी प्रभाव पार्ने खालका हुन्छन् भने कुनै उद्योगले वातावरणमा कम प्रभाव पार्छन् र त्यसै गरी कुनै हानीकारक र कुनै फाइदाजनक हुन्छन् । निर्णयकर्ताले यसतर्फ गम्भिर रुपमा विचार पुऱ्याई निर्णय गर्नुपर्ने हुन्छ । उद्योगले वातावरणमा पार्न सक्ने प्रभाव पत्ता लगाउन तथा प्रभाव बीच तुलना गर्न देहायका तरिकाहरू अपनाउन सकिन्छ :-

(क) प्रभावित पक्षको सूची :

१. यो तरिका अनुसार सम्बन्धित उद्योगले प्रभाव पार्ने सामाजिक, आर्थिक तथा वातावरणीय विषयहरुको सूची तयार गर्नुपर्छ । यस्तो सूची बनाउँदा सामान्यदेखि जटिल सम्मका तरिकाहरु अपनाउन सकिन्छ ।

२. विभिन्न तरिका मध्ये निश्चित सीमा (Threshold of Concern) समावेश गरिएको सूची सबैभन्दा व्यापक र प्रभावकारी रुपमा प्रयोग गरिनें तरिका हो । यसमा वातावरणीय स्रोतहरु कतिसम्म उपयोग गर्दा खराब असर पर्दैन भनी तयार गरिएको सीमा मान भन्दा बढी मात्रामा प्रभाव पर्छ भने त्यसलाई महत्वपूर्ण प्रभाव मानिन्छ । कुनै पनि स्रोतको सम्बन्धमा यस्ता सीमायुक्त मापदण्डहरु निर्धारित गरिएको हुन्छ । प्रभावको अनुमानित मान यस्तो मापदण्डसंग तुलना गरी प्रभावको उल्लेखनीयताको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिन्छ। यसले प्रभाव पर्नसक्ने क्षेत्रहरुको निधारण गर्दछ, प्रभावको गम्भीरताको अनुमान गर्छ र रोकथामका उपायहरु किटान गर्न तथा सोको कार्यान्वयनका लागि जिम्मेवार निकायहरु पत्ता लगाउन सहयोग पुऱ्याउँदछ। यो प्रणाली सरल हुनुका साथै यसले सम्पूर्ण पक्षहरुलाई समेटेको हुन्छ तथा वातावरणीय प्रभाव मूल्याङ्कनको समष्टिगत सार संक्षेपमा प्रष्ट गर्दछ। यसले निर्णयकर्ताहरुलाई निर्णय गर्न सरल र स्पष्ट मार्गदर्शन गर्छ।

(ग) नेटवर्क प्रणाली : नेटवर्क प्रणाली म्याट्रिक्स प्रणालीकै विस्तृत रुप हो तथा यसले कारण, अवस्था र प्रभावको अन्तर सम्बन्ध देखाउँछ। यसले संयोजितका साथै प्राथमिक, द्वितीय र तृतीयं दर्जाका प्रभावहरु पत्ता लगाउँछ । यस प्रणालीलाई एउटा "इम्प्याक्ट ट्री" का रुपमा पनि वर्णन गर्न सकिन्छ । वातावरणीय प्रभावहरु सामान्यत: जटिल हुने हुनाले यसको अध्ययन गर्न नेटवर्क प्रणाली उपयोगी हुन्छ । उद्योगको प्रत्येक क्रियाकलापले बिद्यमान वातावरणमा एक वा सो भन्दा बढी परिवर्तन ल्याउँछ जुन परिवर्तनले फेरि कारण बनेर एक वा सो भन्दा बढी परिवर्तन ल्याउँछ।

२५. प्रभावको अनुमान : (१) वातावरणीय प्रभावहरुको पहिचान भैसकेपछि त्यसको परिमाण, स्तर, सीमा र अवधिका सम्बन्धमा अनुमान गरिन्छ। उद्योगको स्थापना एवं संचालनबाट पर्ने प्रभावको अनुमान बिद्यमान वातावरणीय अवस्थाका तथ्याङ्कको आधारमा गर्नु पर्छ। यस्ता अनुमानित परिवर्तनहरु वा प्रभावहरु संख्यात्मक वा गुणात्मक रुपमा वर्णन गर्नुपर्दछ। वातावरणीय प्रभावको अनुमान गर्दा कम्तिमा पनि निम्नलिखित काम गर्नु पर्छ :-

(क) प्रारम्भिक वा आधारभूत वातावरणीय अवस्थाको निर्धारण,

(ख) उद्योग स्थापना नगर्दा भविष्यमा हुने अवस्थाको अनुमान,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३४०

गरिन्छ । यसले प्रभाव पर्नसक्ने क्षेत्रहरुको निधारण गर्दछ, प्रभावको गम्भीरताको अनुमान गर्छ र रोकथामका उपायहरु किटान गर्न तथा सोको कार्यान्वयनका लागि जिम्मेवार निकायहरु पत्ता लगाउन सहयोग पुऱ्याउँदछ । यो प्रणाली सरल हुनुका साथै यसले सम्पूर्ण पक्षहरुलाई समेटेको हुन्छ तथा वातावरणीय प्रभाव मूल्याङ्कनको समष्टिगत सार संक्षेपमा प्रष्ट गर्दछ। यसले निर्णयकर्ताहरुलाई निर्णय गर्न सरल र स्पष्ट मार्गदर्शन गर्छ ।

(ग) नेटवर्क प्रणाली : नेटवर्क प्रणाली म्याट्रिक्स प्रणालीकै विस्तृत रुप हो तथा यसले कारण, अवस्था र प्रभावको अन्तर सम्बन्ध देखाउँछ। यसले संयोजितका साथै प्राथमिक, द्वितीय र तृतीयं दर्जाका प्रभावहरु पत्ता लगाउँछ । यस प्रणालीलाई एउटा "इम्प्याक्ट टी" का रुपमा पनि वर्णन गर्न सकिन्छ । वातावरणीय प्रभावहरु सामान्यत: जटिल हुने हुनाले यसको अध्ययन गर्न नेटवर्क प्रणाली उपयोगी हुन्छ । उद्योगको प्रत्येक क्रियाकलापले बिद्यमान वातावरणमा एक वा सो भन्दा बढी परिवर्तन ल्याउँछ जुन परिवर्तनले फेरि कारण बनेर एक वा सो भन्दा बढी परिवर्तन ल्याउँछ ।

२५. प्रभावको अनुमान : (१) वातावरणीय प्रभावहरुको पहिचान भैसकेपछि त्यसको परिमाण, स्तर, सीमा र अवधिका सम्बन्धमा अनुमान गरिन्छ । उद्योगको स्थापना एवं संचालनबाट पर्ने प्रभावको अनुमान बिद्यमान वातावरणीय अवस्थाका तथ्याङ्कको आधारमा गर्नु पर्छ। यस्ता अनुमानित परिवर्तनहरु वा प्रभावहरु संख्यात्मक वा गुणात्मक रुपमा वर्णन गर्नुपर्दछ। वातावरणीय प्रभावको अनुमान गर्दा कम्तिमा पनि निम्नलिखित काम गर्नु पर्छ :-

(क) प्रारम्भिक वा आधारभूत वातावरणीय अवस्थाको निर्धारण,

(ख) उद्योग स्थापना नगर्दा भविष्यमा हुने अवस्थाको अनुमान,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) उद्योग संचालन भएमा भविष्यमा हुने अवस्थाको अनुमान।

(२) प्रभावको अनुमान गर्ने क्रममा निम्न पक्षहरुमा विशेष ध्यान पुऱ्याउनु पर्छ :-

(क) प्रभावको परिमाण : प्रत्येक सम्भावित प्रभावको गाम्भीर्यको आधारमा प्रभावको परिमाण थाहा हुन्छ । यसबाट वातावरणमा पर्ने प्रभाव हटाउन सकिने खालको छ वा छैन भन्ने कुरा पनि थाहा हुन्छ। यदि प्रभावहरु हटाउन सकिने खालका भए तिनीहरुलाई कुन हदसम्म हटाउन सकिन्छ त्यो पनि यसबाट पत्ता लाग्छ। वातावरणमा परेको प्रमुख नकारात्मक प्रभावहरु कम गर्न सकिंदैन भने त्यस्तो प्रभाव गम्भीर प्रभाव हो। प्रमुख प्रतिकूल प्रभावले जैविक-भौतिक स्रोत र साधनहरुको सम्भाव्य उपयोगितामा ऱ्हास ल्याई दैनिक जीवन निर्वाह गर्न तथा मनोरञ्जनात्मक र व्यवसायिक कार्यमा ती स्रोतहरु प्राय: प्रयोग हुन नसक्ने बनाउछन्। स्रोतहरु माथि परेको यस्तै प्रकृतिको मध्यम तथा सामान्य किसिमका प्रभावले ती वस्तुहरुलाई उपयोग गर्न नसकिने त बनाउँदैनन् तर उपयोग गर्नमा केही कठिनाई उत्पन्न गराउँछन्।

(ख) प्रभावको सीमा : उद्योगले प्रभाव पार्ने भौगोलिक र आकाशीय (Spatial) क्षेत्र पत्ता लगाउनु पर्छ। कुनै प्रभाव उद्योगको स्थल वा क्षेत्रभित्र मात्र सीमित हुन्छ। प्रस्तावित उद्योगले जलाधार क्षेत्रभित्र मात्र प्रभाव पार्ने भएमा यस्तो प्रभावलाई स्थानीय प्रभाव मानिन्छ । जलाधार क्षेत्रभन्दा बाहिर पनि प्रभाव पर्दछ भने यस्तो प्रभाव क्षेत्रीय स्तरको हुन्छ र राष्ट्रिय स्तरमा प्रभाव परेमा यसलाई राष्ट्रिय प्रभाव भनिन्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रभावको अवधि : वातावरणीय प्रभाव आवधिक प्रकृतिका हुने हुँदा वातावरणीय प्रभाव मूल्याङ्कनद्वारा यस बारे पत्ता लगाउनु पर्छ। उद्योग स्थापना एवं संचालनका विभिन्न चरणमा उत्पन्न हुने प्रभावहरुमा उचित ध्यान पुऱ्याउनु पर्छ। सामान्यतया उद्योग प्रारम्भ गरेको तीन वर्षसम्म मात्र रहने प्रभावलाई अल्पकालीन प्रभाव भनिन्छ। तीन वर्ष वा त्यसभन्दा बढी र बीस वर्षभन्दा कम अवधिसम्म रहने प्रभावलाई मध्यम अवधिको प्रभाव भनिन्छ। यस्तै गरेर बीस वर्षभन्दा बढी अवधिसम्म रहने प्रभावलाई दीर्घकालीन प्रभाव भनिन्छ। उद्योग स्थापनाका विभिन्न चरणमा पर्ने प्रभाव सामान्यतया अस्थायी प्रकृतिका हुन्छन्।

२६. प्रभावको तह निर्धारण (Ranking) गर्ने प्रणाली : (१) कुनै उद्योगबाट वातावरणमा पर्न सक्ने सापेक्षित प्रभावहरु बीच तुलना गर्न सम्बन्धित उद्योगसंग सान्दर्भिक हुने मूल्याङ्कन ढाँचा तयार गर्नुपर्छ। यस ढाँचा अनुसार सम्बन्धित उद्योगको प्रभावको परिमाण, सीमा र समयावधि किटान गर्नुपर्छ।

(२) विभिन्न किसिमका अनुमानित प्रभावहरुको परिमाणात्मक मूल्याङ्कन गर्नका लागि सामान्यत: संख्यात्मक माप तयार गर्नु पर्छ। कतिपय अध्ययनहरुमा निम्नानुसारको तह निर्धारण प्रणाली अबलम्बन गरिएको पाइन्छ :-

| | परिमाण | | सीमा | | अवधि | |
|---|---|---|---|---|---|---|
| (क) | उच्च/वृहत | ६० | क्षेत्रीय | ६० | दीर्घकालीन | २० |
| (ख) | मध्यम | २० | स्थानीय | २० | मध्यम | १० |
| (ग) | सामान्य | १० | स्थलगत | १० | अल्पकालीन | ५ |

यस तालिका अनुसार प्रभावको परिमाण, सीमा र समयावधिका मानहरु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४२

जोड्दा अधिकतम १४० र न्यूनतम २५ अंक हुन्छ ।

(३) प्रभावको तह निर्धारण गर्ने यस किसिमको प्रणाली आयोजनाका विभिन्न विकल्पहरु बीच तुलना गर्ने काममा उपयोगी हुन्छन् । विभिन्न विकल्पहरु बीच तुलना गर्न हरेक विकल्पबाट पर्ने प्रभावलाई दिइएको अंक जोडिन्छ र कुनै विशेष प्रभाव उत्पन्न हुन सक्ने संभाव्यताको अंकले गुणा गरिन्छ । यसरी माप गरिएका हरेक विकल्पहरुको अंक मान आपसमा तुलना गरेर वातावरणमा सबैभन्दा बढी मात्रामा प्रभाव पार्ने विकल्प (बढी अंक मान भएको छुट्याइन्छ ।

## परिच्छेद - ८

## प्रभाव कम गर्ने उपायहरु

२७. वातावरणीय प्रभाव कम गर्ने उपायहरू : अवाञ्छित प्रभावहरूलाई कम गर्ने तथा हटाउने र उद्योगका फाइदाहरूलाई अधिकतम मात्रामा वृद्धि गर्ने उद्देश्यले प्रभाव कम गर्ने उपायहरूको अबलम्बन गर्नुपर्छ र त्यस्ता उपायहरूमध्ये उद्योगका लागि उपयुक्त हुने किसिमका देहायका उपायहरू अपनाउनु पर्छ :-

(क) विकल्पहरुको खोजी : (१) वातावरणीय प्रभाव मूल्याङ्कनका कार्यहरुमध्ये एक महत्वपूर्ण कार्य प्रस्तावित उद्योगमा विकल्पहरुको खोजी गर्नु हो । यसले उद्योगका उद्देश्यहरु हासिल गर्नका लागि वैकल्पिक उपायहरुको मूल्याङ्कन गर्ने कार्य गर्दछ । उद्योगमा अवाञ्छित प्रभावहरुलाई न्यूनतम गर्दै फाइदाहरुलाई अधिकतम गर्ने बिन्दूमा पुऱ्याउनु यसको उद्देश्य हुनुपर्छ । कुनै पनि उद्योगका प्रस्तावहरुको निम्न पक्षहरुको सम्बन्धमा विकल्पको खोजी गर्नु पर्छ :-

(१) उत्पादन स्तर

(२) प्रविधि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४२

(३) अवस्थिति (स्थान)

(४) इन्धन

(५) सुरक्षात्मक उपायहरु

(६) कच्चा पदार्थ

(७) डिजाइन

(८) समय तालिका (Project schedule)

(९) सामाजिक तथा आर्थिक पक्षहरु

(२) उद्योगलाई संचालन नै नगर्ने विकल्पलाई विचार गर्दै प्रतिकूल प्रभाव र फाइदाहरूको तुलनात्मक अध्ययन समेत समावेश गर्नु पर्नेछ ।

(ख) क्षतिपूर्तिका उपायहरुको अवलम्बन : कम गर्न वा हटाउन नसकिने खालका प्रतिकूल वातावरणीय प्रभावहरुको क्षतिपूर्ति बापत गरिने कार्यलाई क्षतिपूर्तिका उपायहरु भनिन्छ । क्षतिपूर्तिका उपायहरुमा विशेष गरी देहायका क्रियाकलापहरू समावेश हुनु पर्छ :-

(१) क्षतिग्रस्त प्राकृतिक श्रोतहरुको पुनर्स्थापना,

(२) सरसफाइ अभियान संचालन

(ग) सुधारात्मक उपायहरुको अवलम्बन : प्रतिकूल वातावरणीय प्रभावहरुलाई कम गरेर स्वीकारयोग्य तहसम्म ल्याउनका लागि सुधारात्मक उपायहरु प्रयोग गर्नुपर्छ । उद्योग संचालन गर्दा अपनाउनु पर्ने सुधारात्मक उपायहरु निम्न बमोजिम छन् :-

(१) प्रदूषण नियन्त्रण उपकरणहरुको जडान,

(२) प्रदूषित पानीको उपचार गर्ने संयन्त्रको निर्माण,

(३) फोहर मैला व्यवस्थापन,

(४) ध्वनी प्रदूषण रोक्न बृक्षरोपण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४४

(५) उद्योग र आवासीय क्षेत्रबीच खाली क्षेत्र (Buffer Zone)

(घ) प्रतिरोधात्मक उपायहरुको अवलम्बन : प्रतिरोधात्मक उपायहरुको अवलम्बनद्वारा केही गम्भीर खालका वातावरणीय प्रभावहरुलाई त्यस्ता प्रभावहरु देखा पर्न थाल्नु अगाडि नै कम गर्न वा निर्मूल गर्न सकिन्छ। प्रतिरोधात्मक उपायहरु निम्न छन् :-

(१) सुरक्षाका उपायहरु कडाइका साथ पालना गर्ने।

(२) जनचेतना कार्यक्रमको थालनी गर्ने।

(३) गुणस्तर कडाइका साथ कायम गर्ने।

(ङ) प्रभाव कम गर्ने उपायको कार्यान्वयन : वातावरणीय प्रभाव कम गर्ने उपायहरुको कार्यान्वयनका लागि आर्थिक स्रोतको आवश्यकता पर्ने हुँदा सो को अनुमानित खर्चको विवरण वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख हुनु पर्नेछ। उद्योगको डिजाईन गर्दा सबै प्रस्तावित प्रभाव कम गर्ने उपायहरुलाई उद्योगको निर्माण र संचालनका चरणहरुको अभिन्न अंगका रुपमा सामेल गर्नु पर्ने हुन्छ। प्रभाव कम गर्न सिफारिस गरिएका सबै उपायहरु कार्यान्वयन गर्ने दायित्व उद्योगी वा व्यवसायीको हुनेछ र उद्योग मन्त्रालय वा सम्वन्धित विभागले ती उपायहरु लागू भए नभएको जांच गर्नेछ।

## परिच्छेद – ९

## वातावरणीय प्रभाव मूल्याङ्कन मस्यौदा प्रतिवेदनको समीक्षा

२८. सार्वजनिक रुपमा प्रकाशन : वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको मस्यौदा तयार भएपछि सुझाव र समीक्षाका लागि सार्वजनिक रुपमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकाशित गर्नुपर्छ । मस्यौदा प्रतिवेदन र प्राप्त प्रतिक्रियाहरूको समीक्षा गर्ने कार्य प्रस्तावकका साथै गैर-सरकारी संघ-संस्था, निकाय, स्वतन्त्र संस्था र सम्बन्धित जनसाधारणलाई प्रदान गर्नु पर्छ ।

२९. उद्देश्य : प्रतिवेदन समीक्षा देहायका उद्देश्यहरू प्राप्त गर्नका लागि गर्नु पर्नेछ :-

(क) मस्यौदा प्रतिवेदनले अध्ययनको शुरुमा तयार गरिएको कार्यसूचीको पालना गरेको छ कि छैन ?

(ख) मस्यौदा प्रतिवेदन औद्योगिक वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिकासंग मेल खाने किसिमको छ कि छैन ?

(ग) उद्योगको सम्बन्धमा निर्णय लिनुभन्दा अगावै टुङ्गो लगाइनु पर्ने मुख्य वातावरणीय विषयहरुको टुङ्गो लागेको छ कि छैन ?

(घ) प्रतिवेदनका निष्कर्षहरु वैज्ञानिक तथा प्राविधिक रुपले उपयुक्त तथा निर्णयकर्ता र सर्वसाधारणले बुझ्न सक्ने किसिमले प्रस्तुत गरिएका छन कि छैनन् ?

(ङ) अध्ययन गर्दा उद्योग स्थापना तथा सञ्चालनको क्रममा देखा पर्न सक्ने सबै उल्लेखनीय प्रतिकूल वातावरणीय प्रभाव र त्यस्ता प्रत्येक प्रभावलाई कम गर्न सकिने उपायहरुको स्पष्ट पहिचान गरिएको छ कि छैन ?

(च) अध्ययनका लागि अपनाइएको पद्धति, प्रयोगमा ल्याइएका प्रविधिहरु, अनुमान गरिएका कुराहरु र सामना गरिएका कठिनाईहरु बारे पूर्ण रुपमा उल्लेख छ कि छैन ?

(छ) प्रस्तावित कार्यका लागि उपयुक्त विकल्पहरुको सुझाव छ कि छैन ?

(ज) प्रतिवेदनमा उल्लेखित सूचनाका श्रोतहरु सान्दर्भिक छन् कि छैनन् ?



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०. समीक्षाका मूल विषयहरु : वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको समीक्षा गर्दा मुख्यतया निम्न विषयहरुमा ध्यान दिनुपर्छ :-

(क) आधारभुत स्थिति :

(१) सान्दर्भिक आधारभूत सूचनाहरु छन् कि छैनन् ?

(२) उद्योगस्थल र वरिपरिका वातावरणीय स्तर इङ्गित छ कि छैन ?

(३) वातावरणीय आधारभूत स्तरका कुन कुन मूल विषयहरु प्रभावित हुने सम्भावना छ ?

(ख) प्रभावको पहिचान :

(१) वातावरणीय दृष्टिले सम्वेदनशील क्षेत्रमा उद्योगले कुनै वातावरणीय प्रभाव पार्छ कि पार्दैन ?

(२) उल्लेखनीय प्रकृतिका अनुकूल वा प्रतिकूल प्रभावहरुका विवरण स्पष्ट रुपमा उल्लेख गरिएको छ कि छैन ?

(३) प्रभावहरुवाट हुन सक्ने संभाव्य जोखिमहरुको मूल्याङ्कन गरिएको छ कि छैन ?

(४) उद्योग स्थापना स्थलभन्दा बाहिर पर्न सक्ने प्रभाव, सीमा क्षेत्र पार गरी पर्न सक्ने प्रभाव र प्रभाव देखा पर्न लाग्ने अनुमानित समयावधिका वारेमा ध्यान पुऱ्याइएको छ कि छैन ?

(ग) प्रभाव कम गर्ने उपायहरु :

(१) उद्योगबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव कम गर्न वा हटाउन के कस्ता उपायहरु प्रस्तावित गरिएका छन् तथा वैकल्पिक निर्माण स्थलहरुका बारेमा विचार पुऱ्याइएको छ कि छैन ?

(२) यस अघिका यस्तै खाले उद्योगहरुबाट प्राप्त अनुभवहरु यस वातावरणीय प्रभाव मूल्याङ्कनमा समावेश गरिएका छन् वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

छैनन् ?

(३) धन सम्पत्तिको क्षति बापत क्षतिपूर्ति वा पुनर्वासको प्रावधान तर्फ पर्याप्त ध्यान दिइएको छ कि छैन ?

(४) सम्बन्धित जनता र समूहहरुको सक्रिय संलग्नता हुन्छ वा हुदैन ?

(घ) कार्यविधि :

(१) वातावरणीय प्रभाव मूल्याङ्कनका लागि अपनाइएका कार्यविधिहरू ऐन कानूनहरु र राष्ट्रिय तथा क्षेत्रगत निर्देशिकाका प्रावधानहरुसँग मेल खाने किसिमका छन् कि छैनन् ?

(२) निर्णय प्रक्रियाको कुन चरणमा वातावरणीय प्रभाव मूल्याङ्कनलाई सामेल गरिएको छ ?

(३) उद्योगको आर्थिक विश्लेषण गर्दा कसरी यसबाट वातावरणमा पर्न सक्ने अनुकूल तथा प्रतिकूल प्रभावहरुलाई एकीकृत गरिएको छ ?

(४) अध्ययनको क्षेत्र निर्धारण कार्यविधि संतोषजनक थियो कि थिएन र क्षेत्र निर्धारणको विभिन्न चरणमा जनसहभागिता पर्याप्त थियो कि थिएन ?

(ङ) कार्यान्वयन :

(१) विस्तृत अनुगमन तथा मूल्याङ्कन योजना छ कि छैन ?

(२) प्रतिकूल प्रभाव कम गर्न सिफारिश गरिएका उपायहरुको कार्यान्वयनका लागि संस्थागत संरचना वा कानूनी व्यवस्था सन्तोषजनक छ कि छैन ?

(३) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा प्रभाव अनुगमन तथा वातावरणीय मापदण्ड लागू गर्ने कार्यक्रमको लागि जिम्मेवार निकायको किटान गरिएको छ कि छैन ?



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) वातावरण संरक्षणका उपायहरु अपनाउँदा लाग्ने खर्चको अनुमान गरिएको छ कि छैन ? यस्ता उपायहरु कार्यान्वयन गर्न आवश्यक आर्थिक तथा प्राविधिक क्षमता र स्रोत उपलब्ध छ कि छैन ?

३१. वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको समीक्षाका लागि जिम्मेवार निकाय : (१) यस निर्देशिकामा उल्लेख भए वमोजिमको कार्यविधि अनुसार प्रस्तावकले तयार पारेको वातावरणीय प्रभाव मूल्याङ्कनको मस्यौदा प्रतिवेदनको समीक्षा उद्योग विभागको महानिर्देशकको अध्यक्षतामा निम्न निकायहरुको प्रतिनिधित्व रहेको समितिले गर्नेछ :-

(क) उद्योग मन्त्रालयको वातावरण शाखाको प्रतिनिधि ------------- सदस्य

(ख) सम्बन्धित मन्त्रालयहरु/विभागहरुका प्रतिनिधिहरु --------------- सदस्य

(ग) गैर सरकारी संस्था र प्रभावित जनसमुदायका प्रतिनिधिहरु ------- सदस्य

(घ) नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधि ------------------- सदस्य

(ङ) उद्योग विभागको वातावरण हेर्ने शाखाको प्रमुख ----------------- सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले प्रतिवेदनलाई परिमार्जन गर्न लगाउन वा थप जानकारी माग गर्न सक्नेछ ।

## परिच्छेद - १०

## वातावरणीय प्रभावको अनुगमन

३२. अनुगमन गर्नु पर्ने : देहायका उद्देश्यका लागि वातावरणीय प्रभावको अनुगमन गर्नुपर्छ :-

(क) कानूनले तोकेका सीमा भन्दा बढी मात्रामा प्रतिकूल वातावरणीय प्रभाव पर्न नदिन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) वातावरणीय प्रभाव कम गर्न अपनाइएका उपायहरू वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा दिए अनुसार कार्यान्वयन भएका छन् कि छैनन् भन्ने कुरा जाँच्न,

(ग) सम्भावित वातावरणीय क्षतिबारे समयमै सचेत गराउन।

३३. अनुगमनका सिद्धान्तहरु : वातावरणीय प्रभाव कम गर्ने उपायहरूको कार्यान्वयनमा सुधार ल्याउन, वातावरणीय प्रभाव अनुगमनको क्रममा निम्नलिखित कार्यहरू अनिवार्य रुपमा गर्नु पर्छ :-

(क) अनुगमनका सिलसिलामा प्रयोग गरिने सूचकहरु होशियारीपूर्वक निर्धारण गर्ने,

(ख) महत्वपूर्ण र सान्दर्भिक सूचनाहरुको सङ्कलन गर्ने,

(ग) निर्धारित सूचकहरुका सम्बन्धमा मापकीय आधारहरु प्रयोग गर्ने,

(घ) संकलित सूचनाहरुका वारेमा वस्तुगत विश्लेषण गर्ने,

(ङ) वस्तुगत विश्लेषण र प्रशोधित सूचनाका आधारमा स्पष्ट निष्कर्ष निकाल्ने,

(च) खण्ड (क) देखि (ङ) बमोजिम निकालिएका निष्कर्षका आधारमा तर्कसङ्गत निर्णय गर्ने,

(छ) उद्योग स्थापना एवं संचालनका लागि जिम्मेवार संस्थालाई वातावरणीय प्रभाव कम गर्ने परिमार्जित उपायहरुको सिफारिश गर्ने।

३४. अनुगमनका प्रकारहरु : देहायको अवस्थामा वातावरणीय प्रभावको अनुगमन निम्न बमोजिम गर्नुपर्छ :-

(क) प्रारम्भिक अवस्थाको अनुगमन : प्रस्तावित उद्योगको निर्माण कार्य शुरु हुनु अगावै निर्माण स्थल र वरपरका आधारभूत वातावरणीय पक्षहरुको सर्वेक्षण गरिनु पर्दछ। यसले गर्दा अनुगमनको सिलसिलामा प्रारम्भिक अवस्थाको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तुलनामा वातावरणीय पक्षहरुमा आएको परिवर्तन बारेमा थाहा पाउन सकिन्छ ।

(ख) प्रभाव अनुगमन : उद्योगको संचालनबाट भएका वातावरणीय परिवर्तनहरू पत्ता लगाउन उद्योग स्थापना र त्यसको संचालनका क्रममा उद्योग क्षेत्रको जनस्वास्थ्य लगायत पर्यावरणीय, सामाजिक र आर्थिक अवस्थाका सूचकहरुको मूल्याङ्कन गर्नुपर्छ ।

(ग) नियम पालन अनुगमन : यस अन्तर्गत उद्योगले वातावरण संरक्षण सम्बन्धी निर्धारित मापदण्डहरुको पालना गरेको छ भन्ने कुरा सुनिश्चित गर्न वातावरणीय गुणस्तरका विशेष सूचकहरु वा प्रदूषणको अवस्था बारेमा आवधिक वा लगातार रुपमा अनुगमन गरी अभिलेख राख्नुपर्छ ।

३५. अनुगमन लगातार गर्नुपर्ने : उद्योगको वातावरणीय प्रभाव बारे सही निचोड निकाल्न आवश्यक पर्ने तथ्याङ्कहरू प्राप्त गर्न वातावरणीय प्रभावको अनुगमन कार्य नियमित रुपमा गर्नु पर्छ । वातावरणीय प्रभाव अनुगमनले उद्योगको संचालनवाट उद्योगस्थलको वातावरण र मानिसमा पर्ने प्रभावलाई सकेसम्म न्यून गराइएको छ भन्ने कुरा सुनिश्चित गर्न आवश्यक पर्ने सूचनाहरू उपलब्ध गराउन मद्दत पुऱ्याउँछ ।

३६. अनुगमनको गहनता : (१) वातावरणीय प्रभाव अनुगमन कार्यलाई आशातीत रुपमा सफल बनाउन अनुगमनलाई उद्योग संचालनको क्रममा उचित महत्व दिनु पर्छ ।

(२) अनुगमनका लागि खास गरेर उद्योग र त्यस वरिपरिका वातावरणलाई प्रभावित पार्ने महत्वपूर्ण र सम्वेदनशील विषयलाई छनौट गर्नुपर्छ ।

(३) अनुगमन गर्न लागिएको वातावरणीय प्रभाव कत्तिको गम्भीर हुन सक्छ भन्ने कुराका आधारमा अनुगमनलाई कुन हद्सम्म गहन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बनाउने भन्ने कुराको तय गर्नु पर्छ ।

३७. वातावरणीय प्रभावका सूचकहरुको छनौट : वातावरणीय प्रभाव अनुगमन उद्योगका केही सीमित पक्षमा मात्र लक्षित हुनुहुँदैन । त्यसैले प्रभावका सूचकहरुको निर्धारण गर्दा उद्योगका सम्पूर्ण पक्षलाई समेट्न सकियोस भन्ने कुरालाई ध्यानमा राख्नुपर्छ । यदि उद्योगको कुनै पक्षले पार्ने प्रतिकूल वातावरणीय प्रभाव गम्भीर प्रकृतिको छ भने त्यस्ता पक्षको अनुगमन गर्ने काममा विशेष जोड दिनु पर्छ ।

३८. संस्थागत पक्ष : (१) अनुगमन कार्यको प्रभावकारिता संस्थागत पक्षमा निर्भर रहने हुनाले यस पक्षलाई पनि उपेक्षा गरिनु हुन्न । प्रभाव अनुगमन गर्ने जिम्मेवारी बोकेको संस्थामा विशेष गरेर निम्न विषयहरुका सम्बन्धमा दृढ प्रतिबद्धता हुनुपर्छ :-

(क) अनुगमन प्रक्रियामा संलग्न संस्था सो कार्यका लागि इच्छुक हुनुपर्छ तथा यस प्रक्रियालाई सघाउन सम्बन्धित निकायमा आवश्यक स्रोत र अधिकार सम्पन्न विशेषज्ञको व्यवस्था हुनु पर्छ,

(ख) अनुगमन प्रक्रियाको निरन्तरतालाई कायम राख्नुपर्छ,

(ग) अनुगमनको काममा संलग्न व्यक्तिहरुको प्राविधिक क्षमताको विकास गर्नुपर्छ,

(घ) अनुगमन प्रक्रियाको पूर्णता तथा इमान्दारितालाई कायम राख्नुपर्छ,

(ङ) प्राप्त परिणामको विस्तृत विश्लेषण गरेर मात्र निर्णय लिनुपर्छ,

(च) अनुगमनबाट प्राप्त जानकारी सम्बन्धित सबै संस्थाहरुलाई उपलब्ध गराउनु पर्छ,

(छ) योजना तर्जुमा र कार्यान्वयनका लागि जिम्मेवार तथा सोसंग सम्बन्धित संस्थाहरुको संरचनामा आवश्यक संस्थागत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुधार गर्नुपर्छ ।

(२) वातावरणीय प्रभाव मूल्याङ्कन अनुगमनको जिम्मेवारी उद्योग मन्त्रालयको सम्बन्धित विभागको हुनेछ ।

(३) वातावरणीय प्रभाव मूल्याङ्कन अनुगमन प्रतिवेदनको ढाँचा उद्योगको प्रकृति र अनुगमन गर्ने निकायले गरेको विश्लेषणमा भर पर्छ । प्राप्त जानकारीहरुलाई समीक्षा बैठक वा निर्णयका लागि सजिलैसंग पेश गर्न सकिने किसिमले सुव्यवस्थित ढाँचामा नियमित प्रतिवेदनका रुपमा प्रस्तुत गरिनु पर्छ ।

(४) सम्बन्धित पक्षबाट समीक्षा बैठकमा गरिएका निर्णय कार्यान्वयन गरिएका छन् कि छैनन् भन्ने कुरा हेर्नुपर्छ । यदि कार्यान्वयन गर्ने पक्षहरूले निर्णय कार्यान्वयन गरेका छैनन् भने कार्यान्वयनका लागि कानूनी उपाय पनि अपनाउनु पर्ने हुन्छ ।

## परिच्छेद - ११

## वातावरणीय प्रभाव अध्ययनको मूल्याङ्कन (Evaluation)

३९. परिचय : (१) उद्योगको वातावणीय प्रभावहरुलाई वस्तुगत रुपमा मूल्याङ्कन गर्ने एक नियमित प्रक्रिया वातावरणीय प्रभाव अध्ययनको मूल्याङ्कन (Evaluation) हो । वातावरणीय प्रभाव अध्ययनको मूल्याङ्कनले सार्वजनिक वा निजी क्षेत्रका जिम्मेवार निकायहरुद्वारा संचालित वातावरणीय सुरक्षा कार्यक्रमहरुको कार्यान्वयनको मूल्याङ्कन गर्नुपर्दछ । वातावरणीय सुरक्षा कार्यक्रम कार्यान्वयन गर्ने निकायहरुले अबलम्बन गरेका यस्ता वातावरणीय उपायहरु वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले निर्दिष्ट गरे अनुसार छन् वा छैनन् भन्ने कुराको निक्यौंल वातावरणीय प्रभाव अध्ययनको मूल्याङ्कनले गर्नु पर्छ ।

(२) वातावरणीय प्रभाव अध्ययनका लागि अनुगमन र मूल्याङ्कन प्रक्रियाहरु एक अर्काका पूरक हुन् । वातावरणीय प्रभाव अध्ययनको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुगमनबाट प्राप्त भएका सूचनाहरु मूल्याङ्कन प्रक्रियाका लागि भर पर्दा सूचना हुन्छन् । यस्तै गरेर मूल्याङ्कनबाट प्राप्त नतीजाका आधारमा वातावरणीय अनुगमन प्रणालीमा सुधार गर्न सकिन्छ । वातावरणीय प्रभाव अध्ययनको अनुगमन ठीक रुपमा कार्यान्वयन भएको थियो वा थिएन भन्ने कुरा मूल्याङ्कनबाट थाहा पाउन सकिन्छ ।

(३) वातावरणीय प्रभाव अध्ययनको मूल्याङ्कन वातावरणीय योजना तथा व्यवस्थापन कार्यका लागि अति आवश्यक हुने हुँदा मूल्याङ्कनका नतीजाहरु नियमित रुपमा प्राप्त हुन नसकेमा कार्यक्रम कार्यान्वयन सम्बन्धमा वातावरणीय प्रभाव अध्ययनको क्रममा निर्णयकर्ताहरुको समीक्षा बैठकहरुका लागि आवश्यक पर्ने सूचना प्राप्त हुन नसक्ने भएकोले यसमा विशेष ध्यान दिनु पर्छ ।

(४) सुरक्षाका उपायहरु प्रभावकारी रुपमा लागू गर्न र आवश्यक भएमा तिनीहरुमा सुधार गर्न वातावरणीय प्रभाव अध्ययनको मूल्याङ्कन र त्यसका नतीजाहरुको आवश्यकता पर्दछ । राष्ट्रव्यापी रुपमा वातावरणीय प्रभाव अध्ययनको कार्यान्वयनलाई सुदृढ गर्न यसको मूल्याङ्कन अति आवश्यक भएकोले यसमा विशेष ध्यान पुरयाउनु पर्छ ।

४०. प्रभावकारी मूल्याङ्कनका निर्णायक तत्त्वहरु: उद्योगको संचालनबाट वातावरणमा परेका वास्तविक प्रभाव वातावरणीय प्रभाव अध्ययनको तयारी गर्दा अनुमान गरे अनुसार भए नभएको छुट्याउन अनुगमनबाट प्राप्त तथ्याङ्कहरुको विश्लेषण गर्नुपर्दछ । यस्ता विश्लेषणहरुबाट सुरक्षाका उपायहरुमा सुधार गर्नुपर्छ वा नयाँ उपायहरु अबलम्बन गर्नुपर्छ भन्ने कुरा थाहा पाउन सकिन्छ । मूल्याङ्कनको सफलता अन्य धेरै कुराहरु लगायत खास गरी देहायका कुराहरुमा भर पर्दछ :-

(क) वातावरणीय प्रभाव अध्ययनको मूल्याङ्कन कार्यका लागि अपनाइएको कार्यविधि,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) वातावरणीय प्रभाव अध्ययनको मूल्याङ्कन कार्यको पूर्णता र उद्देश्यपरकता,

(ग) प्रयोग गरिएका विश्लेषण सामग्रीहरु,

(घ) जिम्मेवार निकायहरु (वातावरणीय प्रभाव अध्ययनको मूल्याङ्कन समूह) को प्रतिबद्धता,

(ङ) उद्योग संचालकलाई प्रभावित गर्न उद्योग मन्त्रालय र अन्तरगतका विभागहरुका वातावरण महाशाखाहरुलाई प्रदान गरिएको अधिकार,

(च) प्रतिकूल प्रभावहरुलाई हटाउन उद्योग संचालकको तत्परता र सामर्थ्य।

४१. मूल्याङ्कनका मूल विषयहरु (Parameters) : (१) वातावरणीय प्रभाव मूल्याङ्कनका क्रममा उद्योगका मूल विषयहरुसंग सम्बन्धित सूचकहरुको जाँच नियमित रूपमा गर्नुपर्छ, जस अन्तर्गत देहायका विषयहरु पर्छन् :-

(क) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उठाइएका वातावरणीय विषयहरु,

(ख) वास्तविक रूपमा वातावरणीय प्रभाव पर्ने क्षेत्रहरू,

(ग) वातावरणीय प्रभाव नपर्ने भनी ठानिएका क्षेत्रहरु,

(घ) प्रस्तावित सुरक्षाका उपायहरुको पर्याप्तता,

(ङ) सुरक्षाका उपायहरु कार्यान्वयनका लागि छुट्टयाइएको स्रोतको पर्याप्तता,

(च) उपयुक्त अधिकारीहरूको संलग्नता,

(छ) वातावरणीय सुरक्षाका उपायहरु अपनाउँदा लाग्ने लागत तथा त्यसबाट प्राप्त हुने प्रतिफल,

(ज) उद्योग संचालनमा अनुगमनको पर्याप्तता,

(झ) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समावेश गरिएका अनुमानहरुको मूल्याङ्कनका लागि अनुगमन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तथ्याङ्कहरुको पर्याप्तता,

(ञ) सुरक्षाका उपायहरुमा सुधार गर्न वा नयाँ सुरक्षाका उपायहरुका बारेमा दिइएका सुझावहरु ।

(२) वातावरणीय प्रभाव अध्ययनको मूल्याङ्कन उद्योग संचालनको लगत्तै शुरु गर्नुपर्छ । खासगरी अनुगमन कार्यद्वारा प्राप्त तथ्याङ्कहरुको विश्लेषण गरिसकेपछि यस्तो मूल्याङ्कन कार्यको शुरुवात गर्नु उपयुक्त हुन्छ । समष्टिगत मूल्याङ्कन गर्ने दायित्व उद्योग मन्त्रालयको सम्बन्धित विभागको हुनेछ ।

## परिच्छेद - १२

## वातावरणीय प्रभाव परीक्षण (Auditing)

४२. वातावरणीय प्रभाव परीक्षण: (१) वातावरणीय प्रभाव परीक्षण उद्योग संचालन भएको केही समय पछि गर्नुपर्छ ।

(२) वातावरणीय प्रभाव मूल्याङ्कनको सन्दर्भमा वातावरणीय प्रभाव परीक्षणले वास्तविक वातावरणीय प्रभाव, अनुगमनको यथार्थता, वातावरणीय प्रभाव कम गर्न अपनाइएका उपायहरुको प्रभावकारीता र सुधारका उपायहरु तथा अनुगमन प्रणालीको काम कारवाहीको मूल्याङ्कन गर्न सघाउ पुऱ्याउंछ ।

(३) उद्योगको वातावरणीय प्रभाव परीक्षण आवश्यकता अनुसार गरिनेछ ।

स्पष्टीकरण : साधारणतया "परीक्षण" शब्द वित्त तथा लेखाका क्षेत्रमा प्रयोग हुने भए तापनि यस परिच्छेदको प्रयोजनका लागि "परीक्षण" भन्नाले निश्चित किसिमका क्रियाकलाप (विशेष गरी उपदफा (२) मा लेखिएका पक्षहरु) को जाँच र मूल्याङ्कन भन्ने जनाउँछ ।

४३. प्रभाव परीक्षणका किसिम : (१) वातावरणीय प्रभाव मूल्याङ्कनका विभिन्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पक्षका लागि निम्न प्रकारका वातावरणीय प्रभाव परीक्षण गर्नुपर्छ :-

(क) निर्णय सम्बन्धी परीक्षण : यसले निर्णय प्रक्रियाको साधनका रूपमा वातावरणीय प्रभाव मूल्याङ्कनको प्रभावकारीताको जाँच गर्छ ।

(ख) कार्यान्वयन सम्बन्धी परीक्षण : यसले स्वीकृत शर्तहरु पूरा हुने कुराको सुनिश्चितता गर्छ ।

(ग) कार्य सम्पादन परीक्षण : यसले उद्योग व्यवस्थापनसंग सम्बन्धित निकायहरुको काम कारवाहीको अध्ययन गर्छ ।

(घ) उद्योगको प्रभाव परीक्षण : यसले उद्योग संचालनबाट वातावरणमा आएको परिवर्तनको जाँच गर्छ ।

(ङ) अनुमान प्रक्रिया परीक्षण : यसले अनुमान गरिएका र वास्तविक प्रभाव बीचको अन्तरको तुलना गरेर अनुमान प्रक्रियाको उपयोगिता र सत्यता जाँच गर्छ ।

(च) वातावरणीय प्रभाव मूल्याङ्कन कार्यविधि परीक्षण : यसले वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका क्रममा अपनाईएका कार्यविधि तथा अवधारणाको आलोचनात्मक जाँच गर्छ ।

(२) वातावरणीय प्रभाव परीक्षण सबै अवस्थामा आवश्यक नभएता पनि प्रस्तावक र स्वीकृति दिने निकायले उद्योगलाई स्वीकृति दिने बेलामै कुनै विशेष प्रकारको वातावरणीय प्रभाव परीक्षणबाट नयाँ सूचना प्राप्त हुन सक्छ अथवा सक्दैन र व्यवस्थापन प्रक्रियामा सुधार गर्न सकिन्छ कि सकिदैन भन्ने कुरा विचार गर्नुपर्छ । प्रस्तावित प्रभाव परीक्षणको लागत प्रभावकारिता र वातावरणीय प्रभाव परीक्षणका क्रममा आउन सक्ने कठिनाई जस्ता कुरा प्रति विशेष ध्यान पुऱ्याउनु पर्छ ।

(३) वातावरणीय प्रभाव मूल्याङ्कन नेपालका लागि नौलो अवधारणा भएकोले वातावरणीय प्रभाव परीक्षणको प्रयोगले वातावरणीय प्रभाव मूल्याङ्कनको अवधारणाको क्रमिक विकासका लागि महत्त्वपूर्ण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहयोग गर्नेछ ।

(४) वातावरणीय प्रभाव परीक्षण गर्दा उद्योग संचालन हुनुभन्दा अघि सङ्कलन गरिएका तथ्याङ्कसंग वातावरणीय प्रभाव अनुगमन र मूल्याङ्कनबाट प्राप्त नतीजा बीच तुलना गर्नु पर्छ । यसरी तुलना गर्दा कुनै यस्तै अर्को उद्योग अथवा स्तरीय मापदण्डका आधारमा गर्नुपर्छ । अनुमानित प्रभाव र वास्तविक प्रभाव बीच तुलना गरेर वातावरणीय प्रभाव मूल्याङ्कन सही र पर्याप्त भए नभएको कुरा जाँच गर्न सकिन्छ ।

४४. वातावरणीय प्रभाव परीक्षण गर्ने निकाय र समय : (१) वातावरणीय प्रभाव परीक्षण आवश्यकता अनुसार सम्वन्धित सरकारी निकायहरु एवं गैर सरकारी संघ संस्थाहरु समेतको सहयोग लिएर उद्योग मन्त्रालयको सम्वन्धित विभागले गर्न वा गर्न लगाउन सक्नेछ ।

(२) वातावरणीय प्रभाव परीक्षण उद्योग स्थापना हुने वित्तिकै वा आवश्यकता अनुसार गर्नुपर्छ ।

(३) वातावरणीय प्रभाव परीक्षणबाट प्राप्त नतीजा प्रस्तावक र सम्बन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्छ ।

(४) वातावरणीय प्रभाव परीक्षणले प्रतिकूल वातावरणीय प्रभाव हटाउन वा कम गर्न उद्योगले अपनाएका उपायहरुमा परिवर्तन ल्याउनु आवश्यक छ कि छैन भन्ने कुरा दर्शाउने हुनाले उद्योग संचालनका लागि प्रभाव परीक्षणको चरण महत्त्वपूर्ण हुन्छ ।

## परिच्छेद – १३

## जनसहभागिता

४५. जनसहभागिता : जनसहभागिता कुनै पनि उद्योगको स्थापनाको लागि गरिने वातावरणीय प्रभाव अध्ययनको लागि एक महत्त्वपूर्ण आधार स्तम्भ हो । वातावरणीय प्रभाव मूल्याङ्कनको प्रभावकारिता धेरै हदसम्म



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८८

जनसमुदायलाई यस प्रक्रियामा कत्तिको सफल रुपमा सहभागी गराइएको छ भन्ने कुरामा निर्भर गर्ने हुँदा वातावरणीय प्रभाव मूल्याङ्कनको क्रममा अनिवार्य रुपमा जनसहभागिता जुटाउनु पर्छ ।

४६. जनसहभागिताका फाइदाहरु : जनसहभागिताले निम्न कुराहरुमा सहयोग पुऱ्याउँछ :-

(क) उद्योगको योजना तर्जुमाको चरण देखि नै उद्योगलाई वातावरणीय दृष्टिकोणबाट स्वीकार्य बनाउन जनसहभागिता जुटाउन र

(ख) उद्योगलाई वातावरणीय दृष्टिकोणले उपयुक्त तथा कम लागतमा तयार पार्न जिम्मेवारीको भावना विकसित गर्न,

(ग) परम्परागत प्रचलन र प्रविधिलाई उचित मान्यता दिन,

(घ) जन चेतना जगाउन ।

४७. जनसहभागिता जुटाउने समय : उद्योगबाट वातावरणमा पर्न सक्ने प्रभाव अध्ययन गर्ने क्रममा निम्न चरणहरुमा जनसहभागिता जुटाउन सकिनेछ :-

(क) वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा,

(ख) अनुगमन र मूल्याङ्कन गर्दा ।

४८. सहभागी बनाउनु पर्ने व्यक्ति, समूह तथा निकाय : वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियामा निम्न व्यक्तिहरु, समूहहरु तथा निकायहरुलाई संलग्न गराउन सकिनेछ :-

(क) उद्योगबाट प्रभावित स्थानीय समूह, तथा सरोकारवाला समूह (जस्तै-महिला) का प्रतिनिधिहरु,

(ख) सम्बन्धित सरकारी तथा निजी क्षेत्रका निकायहरुका प्रतिनिधिहरु,

(ग) स्थानीय नेतृत्व र प्राज्ञिक समूह,

(घ) सम्बन्धित गैर सरकारी संस्थाहरु,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) मान्यता प्राप्त विशेषज्ञहरु ।

४९. <u>जनसहभागिता जुटाउने तरिका</u> : वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियामा जनसहभागिता जुटाउन निम्न तरीकाहरु मध्येबाट विभिन्न तरीकाहरु अपनाउन सकिन्छ :-

(क) सामुदायिक बैठकहरु र सूचनाहरुको आदान प्रदान गरेर,

(ख) व्यक्तिगत सम्पर्कको माध्यमबाट,

(ग) स्थानीय नेतृत्व तथा उपभोक्ता समूहसंग कुराकानी गरेर,

(घ) प्रश्नावली, अन्तरवार्ता, सर्वेक्षण आदिबाट,

(ङ) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन र अनुगमन तथा मूल्याङ्कनको नतीजा स्थानीय समुदायमा जानकारी गराएर,

(च) सम्बन्धित संघ संस्थाहरु तथा स्थानीय व्यक्तिहरुको प्रतिनिधित्व भएको समूह मार्फत ।

५०. <u>जनसहभागिता जुटाउने जिम्मेवारी</u> : (१) वातावरणीय प्रभाव अध्ययनको क्रममा वातावरणीय प्रभाव मूल्याङ्कनको कार्यसूचीमा निर्धारण गरिए अनुसार जनसहभागिता जुटाउने दायित्व उद्योगको प्रस्तावक वा कार्यान्वयनकर्ताको हुनेछ ।

५१. <u>अनुसूचीमा हेरफेर वा थपघट</u> : उद्योग मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६०

## अनुसूची – १

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने उद्योगहरु

(क) सुरक्षा सम्बन्धी उद्योगहरु :

परम्परागत एवं आधुनिक हात हतियार, गोलीगठ्ठा, बारुद लगायतका विष्फोटक पदार्थहरु उत्पादन गर्ने, सुरक्षात्मक छपाई (सेक्यूरिटी प्रिन्टिंग), मुद्रा तथा सिक्का ।

(ख) जनस्वास्थ्य र वातावरणमा असर पार्ने उद्योगहरु :

(१) चुरोट, विडी, आधुनिक छाला प्रशोधन, वियर तथा मदिरा, चिनी उत्पादन, पल्प र पेपर, सिमेण्ट, कपडा धुलाई एवं रंगाई, विटुमिन, रासायनिक ।[१]

(२) फर्टिलाइजर, कीटनाशक औषधी, लुव्रिकेटिंग तेल, फोम, कार्पेट धुलाई, साबुन, इलेक्ट्रोप्लेटिंग, फोटो प्रासेसिंग, टायर, ट्यूव्स, एल.पी. ग्यास, पेट्रोलियम पदार्थसंग सम्बन्धित ।[२]

(३) खानीमा आधारित ठूला उद्योग, ढुंगा क्रसिंग, वन पैदावारमा आधारित मझौला तथा ठूला उद्योग, रंग रोगन, ईंटा ।

द्रष्टव्य :-

(१) रासायनिक उद्योग भन्नाले सल्फ्यूरिक एसिड, नाइट्रिक एसिड, मिथाईल आईसोसाईनेट, सोडियम सिलिकेट, कष्टिक सोडा, जस्ता केमिकल्स उत्पादन गर्ने उद्योगहरु ।

(२) पेट्रोलियम पदार्थसंग सम्बन्धित उद्योग भन्नाले पेट्रोल, डिजेल फ्यूल आयल, नेचुरल ग्यास, नप्था, प्लाष्टिक ग्रानुएल जस्ता कच्चा पदार्थमा आधारित भई प्रोसेस गरी उत्पादन गर्ने उद्योगहरु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६७

## अनुसूची – २

(दफा ८ को उपदफा (१) र दफा १२ संग सम्बन्धित)

## वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने उद्योगहरु

१. प्रतिदिन १०० टन भन्दा बढी उत्पादन गर्ने रासायनिक उद्योगहरु ।

२. सबै प्रकारका पेट्रो – रासायनिक उत्पादन एवं प्रशोधन गर्ने उद्योगहरु ।

३. Non Ferrous Primary Smelting (रि रोलिंग बाहेक)

| | |
|---|---|
| आल्मुनियम | सबै प्रकारका |
| तामा | सबै प्रकारका |
| अन्य | प्रति दिन ५० टन भन्दा बढी उत्पादन गर्ने |

४. गैर धातुगत उद्योग (Non metalic industries):

(क) प्रतिघण्टा ३० टन भन्दा बढी उत्पादन गर्ने सिमेन्ट उद्योग ।

(ख) दैनिक १०० टन भन्दा बढी क्षमताको (रोटरी भट्टा) वा दैनिक ५० टन भन्दा बढी क्षमताको (भर्टिकल भट्टा) चून उद्योग

(ग) एस्वेस्टस उद्योग (जुनसुकै स्तर भएपनि)

(घ) बार्षिक १ करोड गोटामन्दा बढी ईटा र टायल उत्पादन गर्ने उद्योग

(ङ) रेडियो विकिरण सगं संबन्धित जुनसुकै स्तरका उद्योग

५. फलाम र स्टिल उद्योग : ( रि रोलिंग फेब्रिकेशन मात्रै गर्ने उद्योग बाहेक )

(क) दैनिक १०० टन उत्पादन क्षमता भएको फलामे धाउलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने उद्योग ।

(ख) दैनिक २०० टन भन्दा बढी उत्पादन क्षमता भएको पत्रु (scrap) फलामलाई कच्चा पदार्थका लागि प्रयोग गर्ने उद्योग ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३६२

६. पल्प र कागज उद्योग :

(क) वन पैदावारमा आधारित दैनिक ५० टन भन्दा बढी उत्पादन क्षमता भएको उद्योग ।

(ख) वन पैदावार बाहेक अन्य पदार्थमा आधारित दैनिक १०० मे.ट.भन्दा बढी उत्पादन क्षमता भएको उद्योग ।

७. छाला र कपडा उद्योग :

(क) दैनिक १०० थान भन्दा बढी प्रशोधन क्षमता भएको छाला प्रशोधन उद्योग ।

(ख) वार्षिक १ करोड मि. भन्दा बढी उत्पादन क्षमता भएको रङ्गाइको सुविधायुक्त कपडा उद्योग ।

(ग) दैनिक ५०० वर्ग मि. भन्दा बढी उत्पादन क्षमता भएको गलैचा उद्योग । (रङ्गाई सुविधा समेत भएको)

८. खाद्य उद्योग:

(क) दैनिक १०० भन्दा बढी जनावर काट्ने क्षमताको पशुवधशाला

(ख) दैनिक २५,००० लि.भन्दा बढी उत्पादन क्षमता भएको र उमाल्ने तथा फरमेण्टेशन सुविधायुक्त ब्रुअरी/डिष्टिलरी ।

९. कोइला उद्योग : जुनसुकै स्तरको भए पनि

१०. खानी सम्बन्धमा उद्योग मंत्रालय र खानी तथा भूगर्भ विभागबाट छुट्टै निर्देशिका तयार गरी निश्चित गराइने छ ।

११. Off site waste managerial (उद्योग क्षेत्र भन्दा बाहिर फोहर प्रशोधन :-

(क) घातक फोहर व्यवस्थापन

(ख) Incineration plant निर्माण

(ग) Construction of materials recovery plant (off-site)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची - ३

(दफा ८ को उपदफा (१) र दफा १८ को उपदफा (३) को खण्ड (ग) संग सम्बन्धित)

## वातावरणीय संवेदनशील क्षेत्रहरु

१. श्री ५ को सरकारले प्रचलित कानून बमोजिम राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षित क्षेत्र भनी तोकेका क्षेत्रहरु ।

२. श्री ५ को सरकारले निर्दिष्ट गरेको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्त्विक (विश्व संपदा स्थल) स्थलहरु र यस्तै अन्य स्थलहरु ।

३. बाढी, पहिरो, भुइँचालो वा त्यस्तै किसिमका खतराजनक क्षेत्रहरु ।

४. जलश्रोतका मुहानहरु ।

५ सीमसारहरु ।

६. संरक्षित जलाधार क्षेत्रहरु ।

७. वातावरणीय दृष्टिकोणले सम्वेदनशील (Sensative) अन्य क्षेत्रहरु ।

८. श्री ५ को सरकारले वातावरणीय संवेदनशील क्षेत्र भनी समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएका क्षेत्रहरु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६८४

## अनुसूची – ४

(दफा ८ को उपदफा (२) संग सम्बन्धित)

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको ढांचा

१. प्रस्तावित उद्योगको सम्पूर्ण गतिविधिहरूको सूची जस्तै :-

(क) उद्योगको किसिम (उत्पादनशील/प्रोसेसिङ/ एसेम्बली..)

(ख) उत्पादन गरिने वस्तुको किसिम (हरू)

(ग) उद्योगको क्षमता

| | वस्तु १ | वस्तु २ | वस्तु ३ |
|---|---|---|---|
| स्थापित क्षमता | - | - | - |
| वार्षिक संचालन दिनको संख्या | - | - | - |

| (घ) प्रयोग गरिने पदाथ | परिमाण/वर्ष | कैफियत |
|---|---|---|
| कच्चा पदार्थ | -- | -- |
| रासायनिक | -- | -- |
| पानी | -- | -- |

(ङ) उद्योगबाट निस्कने फोहर (Discharge) र त्यसको व्यवस्थापन विधि (यथासक्य त्यसको विस्तृत विवरण)

ठोस

तरल

वायु

ध्वनि

अन्य

(च) अधिकतम रुपमा लेदो फेहोर निस्कने समय र त्यसको परिमाण

(छ) कूल आवश्यक ऊर्जा र त्यसको प्रयोगको किसिम

प्रकार परिमाण (प्रतिघण्टा/दिन/वर्ष) स्रोत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३६५

(ज) कूल आवश्यक जनशक्ति

(झ) कूल पूंजी लगानी (ने. रु.)

जमीन

भवन

मेशिनरी औजार

चालू पूंजी

(ञ) प्रस्तावित स्थल (पूर्ण विवरण)

(ट) सामान्य उत्पादन प्रक्रिया क्रम चित्र (फोहर निस्कने एवं त्यसलाई व्यवस्थित रुपमा थान्को लगाउने र कारखानाको अवस्थिति (Layout) )

(ठ) प्रविधिको विवरण

(ड) अन्य विवरण (वातावरण संरक्षणको लागि उपयुक्त बूंदाहरु)

२. प्रस्तावित निर्माण-स्थलका विशेषताहरु र त्यसको वातावरणीय स्थितिको सूची :-

(क) प्रवेश मार्ग, निर्माणस्थलको तयारी (खन्ने, भू-क्षय र वन मास्ने) को जानकारी ।

(ख) प्रस्तावित स्थलमा र त्यसको वरिपरिको वस्ती र जनसंख्या

(ग) संवेदनशील क्षेत्र (प्रस्तावित स्थलदेखि अनुसूची-३ मा उल्लिखित क्षेत्र सम्मको दूरी)

(घ) प्रस्तावित स्थलको वायुको स्वभाव

(ङ) प्रस्तावित स्थलमा फोहर मैला फ्यांक्ने व्यवस्था

(च) प्रस्तावित स्थलको विस्तृत नक्सा

३. प्रमुख वातावरणीय प्रभाव र त्यसलाई रोक्ने विशेष उपायहरुको पहिचान :-

(क) जैविक प्रभाव : जनसंख्या



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३६६

: जीव तथा वनस्पति (Flora & Fauna)

: आश्रयस्थलहरु र समुदाय

(ख) भौतिक प्रभाव : भूमि

: वायुमण्डल (Atmosphare)

: पानी

: ध्वनी

: मानव निर्मित वस्तुहरु

(ग) सामाजिक तथा आर्थिक प्रभाव :

: प्रमुख कृषि भूमिको नोक्सानी

: वन र अन्य वैज्ञानिक एवं सांस्कृतिक महत्त्वका वस्तुहरुको नोक्सानी

: मानव स्वास्थ्यमा प्रभाव

: सामाजिक, सांस्कृतिक एवं धार्मिक मान्यतामा परिवर्तन

मुख्य वातावरणीय प्रभावहरुको पहिचान गरिसकेपछि प्रस्तावक व्यवसायीहरुले संभावित खतरा रोक्ने उपायहरु अबलम्बन गर्नु पर्नेछ ।

---

द्रष्टव्य :- उद्योग मन्त्रालयले तोकेको वा सम्बन्धित निकायले समीक्षा गरेको कार्यसूची (TOR) को आधारमा प्रस्तावकले प्रारम्भिक वातावरणीय प्रभाव परीक्षा गर्नुपर्नेछ र त्यो परीक्षाको समीक्षा उद्योग मन्त्रालय वा सम्बन्धित विभागले गर्नेछ । यस्तो परीक्षण कार्य उद्योग स्थापना गर्ने आयोजना तर्जुमाको चरण अगावै गर्नु पर्ने छ । उद्योग मन्त्रालयले प्रारम्भिक वातावरण परीक्षणलाई सहयोग पुऱ्याउन Checklist/Matrix हरु प्रस्तावक र सर्वसाधारणको जानकारीको लागि उपलब्ध गराउन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६८

## अनुसूची - ५

(दफा १८ संग सम्बन्धित)

## कार्यसूचीको ढाँचा

१. परिचय :

(क) कार्यसूचीको उद्देश्य,

(ख) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्ने जिम्मेवार निकाय वा व्यक्ति ।

(ग) प्रस्तावित उद्योग र स्थलको सामान्य पृष्ठभूमि ।

२. वातावरणीय प्रभाव मूल्याङ्कनका मार्गदर्शनहरु :

(क) राष्ट्रिय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० र उद्योग क्षेत्रको लागि वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५२ को संक्षिप्त विवरण ।

(ख) वातावरण प्रभाव मूल्याङ्कन तयार गर्दा अपनाउनु पर्ने विधि ।

३. पृष्ठभूमि :

(क) प्रस्तावित उद्योगको पृष्ठभूमिको खास खास विवरण र स्थापना स्थलसंग सम्बन्धित प्रतिवेदनहरुको विवरण,

(ख) सम्बन्धित औद्योगिक विकास नीति, स्थल नीति, ऐन, नियमको उल्लेख,

(ग) स्थानीय क्षेत्रको योजनाहरुको सम्भाव्यता र दृष्टिकोणको परिप्रेक्ष्यमा उद्योगको सान्दर्भिकता उल्लेख गर्नुपर्छ ।

४. कुनै खास वातावरणीय प्रभाव मूल्याङ्कनका लागि विशिष्ट मार्गनिर्देशनहरु :

(क) विस्तृत अध्ययन गर्नुपर्ने खास वातावरणीय पक्षहरुको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२६८

विवरण तयार गर्नुपर्छ । अध्ययन वा मूल्याङ्कन गरिनु पर्ने प्रत्येक वातावरणीय पक्षका सूचकहरु निश्चित रुपमा तोक्ने,

(ख) सम्भाव्य नकारात्मक प्रभाव घटाउन आवश्यक पर्ने कामहरु (स्थानान्तर गर्नु, प्रदूषण नियन्त्रण औजारको जडान, उत्पादन प्रक्रिया परिवर्तन, व्यवस्थापन तौरतरीका वा कच्चा पदार्थमा परिवर्तन ,

(ग) वातावरणीय प्रभावको सन्दर्भमा समेत उद्योगको लागत-प्रतिफलको विश्लेषण गर्ने,

(घ) वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदनमा उद्योग संचालन हुँदा र त्यसपछि वातावरणमा पर्ने खास प्रभावको मूल्याङ्कनका लागि अनुगमनको प्रस्तावित कार्यक्रम,

(ङ) वातावरणीय प्रभाव मूल्याङ्कन प्रस्तावमा निम्नलिखित कामहरु उल्लेख गर्नु पर्छ :-

(१) गर्नु पर्ने हरेक कामका बारेमा पर्याप्त रुपमा उल्लेख,

(२) वातावरणीय प्रभाव मूल्याङ्कन गर्नका लागि प्रस्तावित कार्य योजना बारे,

(३) अध्ययनका क्रममा आवधिक समीक्षा बारे, र

(४) प्रस्तावित उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कनको अध्ययन टोलीका लागि आवश्यक पर्ने दक्षता र विशेषज्ञहरुको विवरण ।

५. <u>समय सीमा</u> :

क) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन पूरा गर्न चाहिने समय तोकिनु पर्छ (उदाहरणका लागि ३ महिना देखि ६ महिना) ।

ख) वातावरणीय प्रभाव मूल्याङ्कन अन्तर्गतका कामहरु र उक्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६०५

कामहरु सम्पन्न हुने मिति उल्लेख गर्नुपर्छ ।

६. बजेट :

वातावरणीय प्रभाव मूल्याङ्कन र सो को प्रतिवेदनका लागि आवश्यक पर्ने अनुमानित बजेटको बाँडफाँड उल्लेख हुनुपर्छ ।

७. वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको ढाँचा :

८. अन्य सान्दर्भिक सूचना :

९. सन्दर्भ सूची :

१०. परिशिष्टहरु, नक्शाहरु, फोटोहरु, चित्रहरु, तालिकाहरु, प्रश्नावली आदि :



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
360

## अनुसूची - ६

(दफा २० संग सम्बन्धित)

## वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको ढाँचा

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन निम्न भागहरुमा विभाजित गरी देहायका विषय वस्तुहरू अनिवार्य रुपमा समावेश गर्नुपर्छ :-

१. सारांश :

वातावरणीय प्रभाव मूल्याङ्कनका महत्त्वपूर्ण परिणाम तथा यसले सिफारिश गरेका कामहरुको संक्षिप्त विवरण पाँच पृष्ठभन्दा बढी नहुने गरी गैर प्राविधिक भाषामा उल्लेख गर्नुपर्छ ।

२. उद्योगको विवरण :

निम्न विषयहरुको विवरण हुनु पर्दछ :

(क) स्वीकृत, स्थापित र लक्षियत उत्पादन क्षमता

(ख) दैनिक उत्पादन चरण ९क्जषतक०

(ग) कामदारहरुको संख्या र शीपको विकास

(घ) उत्पादित वस्तुको परिमाण र प्रकार

(ङ) यन्त्र र प्रक्रियाको किसिम

(च) तयारी माल र कच्चा पदार्थको ओसार पसार

(छ) तयारी माल र कच्चा पदार्थको भण्डार

(ज) ऊर्जा र पानीको परिमाण र श्रोत

(झ) उद्योगको स्थल छनौटको आधार

प्रत्येक उद्देश्य र नीतिको साथै उद्योगको स्थापना तथा संचालनको क्रमको प्रत्येक चरणको क्रियाकलापको सूची संलग्न हुनु पर्दछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
269

३. आधारभूत जानकारी :

प्रस्तावित उद्योगस्थलमा उपलब्ध आधारभूत जानकारी उल्लेख हुनुपर्छ। सूचनाको उपलव्धताको आधारमा निम्न जानकारीहरु हुनु पर्दछ : -

(क) जनसंख्या सम्बन्धी

(ख) भू उपयोग ढांचा

(ग) प्राकृतिक श्रोतको आधार

(घ) वातावरणीय गुणस्तर

४. वातावरणीय प्रभावको पहिचान :

उद्योगका विभिन्न चरणमा संचालन हुने क्रियाकलापबाट वातावरणमा पर्न सक्ने अनुकूल तथा प्रतिकूल प्रभावहरुको पहिचानको बारेमा उल्लेख गरिनुपर्छ। सम्भव भएसम्म समय र स्थिति अनुसार सम्भावित प्रभावहरुको अनुमान गर्ने र परिमाण तोक्ने काम गर्नुपर्छ।

५. विकल्प विश्लेषण :

आयोजनाको डिजाइन, प्रविधि र संचालन विधिका विकल्पहरू बीच तिनीहरुले पार्न सक्ने वातावरणीय प्रभाव, आवश्यक स्थिर पूँजी र चालू पूँजी, स्थानीय सन्दर्भसंगको अनुकूलताका आधारमा तुलना गर्नुपर्छ।

६. प्रभाव कम गर्ने उपायहरु :

वातावरणमा प्रतिकूल प्रभाव पार्न सक्ने सबै क्रियाकलापहरुको लागि अपनाउनु पर्ने व्यावहारिक सुरक्षात्मक उपायहरु उल्लेख हुनुपर्छ। सुरक्षात्मक उपायहरुद्वारा वातावरणमा पर्ने प्रभाव पूर्ण रुपमा हटाउन नसकिने हुनाले क्षतिपूर्तिका उपायहरु पनि प्रस्तावित गर्नुपर्छ। अन्य संभावित बिकल्पहरु संग तुलना गरी सुरक्षाका उपायहरु खर्चको दृष्टिकोणबाट कत्तिको प्रभावकारी छन् भन्ने कुराको विश्लेषण गर्न जरुरी हुन्छ।

७. नीतिगत तथा कानूनी व्यवस्थाको समीक्षा :

प्रस्तावित उद्योगहरुसंग सम्बन्धित नीति तथा ऐन नियमहरुको समीक्षा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
362

गर्नुपर्छ। कानूनी समस्यायुक्त र गुणहीन भएमा नीति तथा ऐन नियमहरुमा आवश्यक संशोधन गर्न समेत सुझाव दिनुपर्छ ।

स्पष्टीकरण : यस अनुसूचीको प्रयोजनको लागि "ऐन नियमहरु" भन्नाले औद्योगिक नीति, २०४८, प्रचलित औद्योगिक व्यवसाय ऐन, कम्पनी ऐन, खानी ऐन नियम र अन्य वातावरण सम्बन्धी ऐन नियमहरु सम्झनु पर्दछ ।

८. अनुगमन :

अनुगमन कार्यक्रम र त्यसको जिम्मा लिने व्यक्तिहरु तथा अनुगमन समय सारिणीको स्पष्ट उल्लेख हुनुपर्छ ।

९. वातावरणीय प्रभाव परीक्षण :

वातावरणीय प्रभाव परीक्षणको ढाँचा तथा त्यसको सार्थकताका बारेमा उल्लेख हुनुपर्छ ।

१०. अनुसूचीहरु :

(क) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा प्रस्तावित औद्योगिक परियोजना र स्थलको व्यापक सान्दर्भिक सूचनाहरुको अनुसूचीहरु संलग्न हुनु पर्दछ । प्रतिवेदन तयार गर्दा प्रयोग गरिएका सामग्रीहरुको निम्नानुसारको अनुसूचीहरु हुन सक्दछन् :-

(१) सम्बन्धित नक्सा,

(२) स्थलगत अध्ययन गर्दा प्रयोग गरिएका प्रश्नावली वा परीक्षण सूचीहरु,

(३) चित्रहरु, फोटोहरु, चार्टहरु, आम सन्तुलन क्रम चार्ट, औद्योगिक प्रक्रियाको क्रमबद्ध रेखाचित्रहरु,

(४) प्रकाशित मौसमी, जलश्रोत र वातावरणीय गुणस्तर तथ्याङ्क,

(५) प्रकाशित Flora & Fauna तथा वनस्पतिको तथ्याङ्क,

(६) फोटोग्राफहरु, स्लाइडहरू, पारदर्शक, रिकर्डिङ, दृश्य फिल्महरू लगायतका श्रव्य दृश्य सामग्रीहरु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रतिवेदनमा देहायका सांगठनिक तथ्यहरु पनि संलग्न हुनुपर्छ :-

(क) अध्ययनदलका कर्मचारीहरु र सम्बन्धित निकायहरु,

(ख) अध्ययनको क्रममा सम्पर्क गरिएका व्यक्तिहरु एवं संगठनहरु र तिनीहरुको ठेगाना र टेलिफोन नम्बर (भएको खण्डमा),

(ग) अन्तर-निकाय बैठक, सार्वजनिक सभा र जनसहभागिताका बैठकहरुका अभिलेखहरु र निर्णयहरु ।

११. सन्दर्भ सामग्रीहरू :

उद्धृत गरिएका सन्दर्भहरूको प्रकाशन सम्बन्धी सूची निम्नलिखित आधारमा बनाउनु पर्छ :-

(क) लेखक वा लेखकहरु,

(ख) प्रकाशित भएको मिति,

(ग) उद्धृत गरिएका सामग्रीको शीर्षक ,

(घ) उद्धृत गरिएको प्रकाशन वा पत्रिकाको नाम,

(ङ) बर्ष, खण्ड, अंक आदि (भएको खण्डमा),

(च) पृष्ठ, पृष्ठहरु ।

---

द्रष्टव्य :- उद्योग मन्त्रालयले वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनलाई Facilitate गराउन Checklist/Matrix हरु प्रस्तावक/सर्वसाधारणको जानकारीको लागि उपलब्ध गराउन सक्नेछ ।

आज्ञाले,

**डा. भोलानाथ चालिसे**
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
368

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

गृह मन्त्रालयका वा.मु. सचिव श्री रेवतीरमण पोखरेल शरणार्थीसम्बन्धी सम्मेलनमा पर्यवेक्षकको रूपमा भाग लिन स्वीट्जरल्याण्डको जेनेभातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री पुरूषोत्तम ढकाललाई मिति २०५२।६।२६ गतेदेखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

परराष्ट्र मन्त्रालयका सचिव श्री केदारभक्त श्रेष्ठ कोलम्बियामा आयोजना हुने असंलग्न राष्ट्रहरूको ११ औं शीर्षस्थ सम्मेलन तथा न्यूयोर्कमा हुने संयुक्त राष्ट्रसंघको ५० औं वार्षिकोत्सवमा भाग लिने प्रतिनिधिमण्डलको सदस्यको रूपमा सम्माननीय प्रधानमन्त्रीज्यूका साथ त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री गोपीनाथ दवाडीलाई मिति २०५२।६।३० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

श्री ५ को सरकारले मिति २०५२।६।३ को निर्णयानुसार यस सचिवालयका उप-सचिव श्री गणेशप्रसाद लम्सालको ३० वर्ष अवधि पुग्ने मिति २०५२।६।४ बाट निजामती सेवा नियमावली, २०५० को नियम १०४ बमोजिम २ वर्षको सेवा अवधि थप गरेको छ।

आज्ञाले,
नारायणराज तिवारी
सदस्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
264

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी श्री रमादेव जोशी मिति २०५२।५।५ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जिल्ला प्रशासन कार्यालय, बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी श्री मोहनकृष्ण सापकोटालाई मिति २०५२।५।४ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

जिल्ला प्रशासन कार्यालय, दैलेखका प्रमुख जिल्ला अधिकारी श्री विष्णुराज शर्मा मिति २०५२।५।४ देखि घर बिदामा बस्नुभएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री गिरीधारी ढकाललाई मिति २०५२।५।८ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी श्री माधव-प्रसाद रेग्मी मिति २०५२।५।२३ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री विश्वनाथ चापागाईलाई मिति २०५२।५।२१ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ४

जिल्ला प्रशासन कार्यालय, जाजरकोटका प्रमुख जिल्ला अधिकारी श्री मोहन-सिंह खत्री मिति २०५२।५।२५ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनु-पस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री जनकराज रेग्मीलाई मिति २०५२।५।२५ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६९

## सूचना ५

जिल्ला प्रशासन कार्यालय, गुल्मीका प्रमुख जिल्ला अधिकारी श्री बद्रीबहादुर कार्की मिति २०५२।५।३० देखि पर्व बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री राधाकृष्ण शर्मालाई मिति २०५२।५।२७ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

## सूचना ६

जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी श्री विजयराज भट्टराई मिति २०५२।६।८ देखि घर बिदामा बस्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उक्त पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी श्री विनोद ज्ञवालीलाई मिति २०५२।५।२९ को निर्णयानुसार कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
कोषकुमार नेम्वाङ
कानून अधिकृत

### श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५२।५।८ को निर्णयानुसार नेपाल इन्जिनियरिङ सेवा, मेकानिकल इन्जिनियरिङ समूह, निर्माण उपकरण संभार उप-समूहको राजपत्रांकित द्वितीय (प्रा.) श्रेणीका श्री हरिलाल राजवाहकलाई सोही सेवा, समूह र उप-समूहको राजपत्रांकित प्रथम (प्रा.) श्रेणीमा मिति २०५२।४।१९ देखि जेष्ठता कायम हुने गरी बढुवा नियुक्ति गरी सडक विभागको उप-महानिर्देशक पदमा पदस्थापन गरिएको छ।

आज्ञाले,
इन्द्रराज उप्रेती
उप-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
266

मुद्रण विभाग, सिंहदरबार